# नगर प्रमुख श्री गोपाल हमालद्वारा धनगढी उप-महानगरपालिकाको
# नगरसभाको आठौं अधिवेशनमा प्रस्तुत
# आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम

**नगर सभाका अध्यक्ष महोदय र नगर सभासम्पूर्ण सदस्यज्यूहरु;**

१. सर्वप्रथम, धनगढी उप-महानगरपालिकाको नगरसभाको आठौं अधिवेशनमा हार्दिक स्वागत गर्दछु । स्थानीय तहको दोस्रो निर्वाचन (२०७९) पश्चात जनअनुमोदित यस सम्मानित नगरसभा समक्ष आगामी आ.व. २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ ।

२. म नगरसभाको यस महत्वपूर्ण घडीमा इतिहासका विभिन्न कालखण्डमा भएका प्रजातान्त्रिक, लोकतान्त्रिक आन्दोलनहरुमा आफ्नो प्राण आहुति गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धा-सुमन अर्पण गर्नुका साथै सहिद परिवारजनमा उच्च सम्मान प्रकट गर्दछु । मुलुकको सार्वभौमिकता, स्वाधीनता, देशनिष्ठा र स्वाभिमानको रक्षा गर्दै राष्ट्रिय एकता, लोकतन्त्र, सामाजिक न्याय, समानता, विकास, समृद्धि, सुशासन र समतामूलक राष्ट्र निर्माणको लागि योगदान गर्नुहुने सम्पूर्ण नेपाली नागरिक र नेतृत्व गर्नु हुने आदरणीय अग्रज व्यक्तित्वहरुप्रति हार्दिक आभार तथा उच्च सम्मान प्रकट गर्दछु ।

३. नेपाली समाज विकासको क्रममा इतिहासमा पटकपटक परिवर्तनहरु भए । यिनै परिवर्तनबाट प्राप्त प्रतिफलको रुपमा नेपालमा लोकतन्त्र, समानुपातिक समावेशी कार्य प्रणाली, सामाजिक न्याय, समतामूलक समाज जस्ता संवैधानिक मूल्य बमोजिम स्थानीय तहको दोस्रो निर्वाचन (२०७९) पश्चात हामी जनप्रतिनिधीहरु यस उप-महानगरपालिकामा निर्वाचित भई आएका छौं । आफ्नो अमूल्य मत मार्फत हामीलाई निर्वाचित गराउनु हुने सम्पूर्ण मतदातालाई हार्दिक आभार प्रकट गर्न चाहन्छु । हामीलाई जनताले सुम्पिएको जिम्मेवारीको इमान्दारीपूर्वक पालना गर्दै आम नगरबासीका भावना, प्रयास, माग र आवश्यकताहरुको उच्च सम्मान गरी यस नगरलाई सुदूरपश्चिम प्रदेशकै सुन्दर, स्वच्छ र समृद्ध उप-महानगर बनाउने अभिभारा हाम्रो काँधमा आएको छ । यस ऐतिहासिक अवसरमा **"सुख, शान्ति र सम्वृद्धिको शहर: धनगढी महानगर"** दीर्घकालिन सोच राखी हाम्रो कार्यकालको प्रारम्भबाटै **"हाम्रो धनगढी : हामी बनाउछौ"** भन्ने अभियानका साथ आर्थिक-राजनीतिक-सामाजिक-पर्यावरणीय विकासको मौलिक ढाँचामा योजनाबद्ध ढंगले अगाडि बढ्न मन, वचन र कर्मले यो नवनिर्वाचित टिम सदैव प्रतिवद्ध र कटिवद्ध रहनेछ भन्ने विश्वास लिएको छु ।

४. विश्वभरि महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) बाट सृजित प्रतिकूल परिस्थितिका कारण पछिल्ला २ बर्षहरुमा मुलुकको समग्र अर्थतन्त्र, समाजको सामाजिक/पारिवारिक संरचना र शासन प्रकियामा नै जटिल बन्न पुग्यो । परिणामस्वरूप हाम्रा नियमित विकास प्रयासहरुमा समेत असन्तुलन उत्पन्न भई सामाजिक जीवनका आवश्यकता, माग र प्राथमिकताहरुलाई नै बदलिदिएको अवस्था हाम्रासामु छ । विगतको नेतृत्वले यस उप-महानगरपालिकालाई कोभिड-१९ पूर्ण खोपयुक्त नगरपालिका बनाउने, स्वास्थ्य, शिक्षा, खानेपानी, कृषि, उत्पादन र रोजगारी प्रवर्द्धन जस्ता क्षेत्रहरुलाई पहिलो प्राथमिकता (P1) मा राखेर गरेका विकास प्रयासहरुको उच्च सम्मान गर्दै त्यसलाई थप मलजल गर्न यो नवनिर्वाचित टिम सफल हुनेछ भन्ने विश्वास लिएको छु । तथापि, विगत वर्षको जस्तो सामान्य प्रक्रिया र नियमित प्राथमिकता भन्दा अझ माथि उठेर नयाँ आवश्यकताको आधारमा आगामी वर्षको नीति, कार्यक्रम र बजेट तर्जुमा गर्नुपर्ने चुनौतीपूर्ण अवस्थालाई पनि मैले गम्भीरतापूर्वक महसुस गरको छु । एकातिर, नगरबासीले सुशासन, विकास र सम्वृद्धिप्रति हामीलाई देखाएको जनविश्वास कायम राख्दै धनगढीलाई देशकै समुन्नत शहर बनाउने दायित्व र अभिभारा हाम्रोसामु छ भने अर्कातिर आगामी दिनमा हाम्रा प्रयास,

प्रतिबद्धता र व्यवहारहरु के-कस्ता प्राथमिकता तर्फ लक्षित हुनेछन् भनेर स्पष्ट दिशानिर्देश गर्नुपर्नेछ । नीति कार्यान्वयनको लागि आवस्यक स्रोत-साधनको प्रत्याभूति, बजेट कार्यान्वयनका प्रमुख अवरोधक तत्वका रुपमा रहेका संरचनात्मक समस्याको वास्तविक पहिचान गरी खरिद कानून, जनशक्ति व्यवस्थापन, कार्यगत एकता, ठेक्का प्रणाली, निर्माण सामाग्रीको गुणस्तर, जग्गा प्राप्ति, वन तथा पर्यावरण सूरक्षाजस्ता पहिचान भएका समस्याहरूलाई हामीले बेलैमा सम्बोधन गर्नुपर्नेछ ।

५. सुदूरपश्चिम प्रदेशकै सम्पन्न राजधानीका रुपमा धनगढी नगरलाई विकास गर्न यहाँहरुको अर्थपूर्ण सहयोग, सद्भाव र समर्थन रहनेछ भन्ने आशा लिएको छु । मैले स्थानीय सरकारको दोस्रो निर्वाचन पश्चातको पहिलो तथा समग्रमा आठौं अधिवेसनमा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा हामीलाई जनताले विश्वास गरेर दिएको मतको सम्मान गर्न र स्थानीय सरकारप्रति जनताको भरोसा अभिवृद्धि गर्ने गहन जिम्मेवारीबोध गरेको छु । आगामी आर्थिक वर्षको बजेट हामीले जनतासँग गरेका बाचा पुरा गर्ने र धनगढी बनाउने सपनाप्रति नगरबासीको आशा, भरोसा एवम् विश्वासलाई जोड्ने महत्वपूर्ण औजारका रुपमा रहनुपर्छ भन्ने कुरामा म विशेष सचेत एवम् सतर्क छु ।

**उपस्थित महानुभावहरु,**

आगामी आ.व २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु र प्राथमिकताहरु निम्न अनुसार निर्धारण गरेको छु :

- संविधानले स्थानीय सरकारलाई सुम्पिएका दायित्वहरु, राज्यका मूल नीति तथा निर्देशक सिद्धान्तहरु, मानव अधिकारको सवाल एवम् नागरिकका मौलिकहकको प्रत्याभूति
- नेपाल सरकारले अङ्गिकार गरेको पन्ध्रौ आवधिक योजनाले निर्धारण गरेको लक्ष्य, नीति तथा प्राथमिकताहरु,
- नेपाल सरकारले अङ्गिकार गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- सुदूरपश्चिम प्रदेश सरकारले अङ्गिकार गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- स्थानीय सरकार संचालन ऐन २०७४ (संसोधन सहित),
- संघीय सरकारबाट प्राप्त बजेट र सोको साथमा प्राप्त बजेट तर्जुमा गर्दा लिनु पर्ने आधारहरु,
- यस उप-महानगरपालिकाको दिर्घकालिन सोच,
- निर्वाचनमा जनतासँग हामीले गरेका प्रतिवद्धताहरु (घोषणापत्र) ,
- राजश्व परामर्श समितिको प्रतिवेदन,
- श्रोत तथा बजेट सीमा निर्धारण समितिको श्रोत तथा बजेट अनुमानहरु,
- बजेट तथा योजना तर्जुमा समितिले दिएका सिफारिसहरु,
- नगरपालिकाका विभिन्न विषयगत समितिका सिफारिसहरु,
- विगत वर्षहरुमा सम्पन्न भएका नगरसभा बैठकहरुबाट भएका निर्णयहरु,
- नगरकार्यपालिकाले योजना तर्जुमाका लागि निर्णय गरी तोकेका आधारहरु,
- विभिन्न बिषयगत विज्ञहरुसँग छलफल गर्दा प्राप्त सुझावहरु,
- विभिन्न विषयगत शाखाहरुबाट प्राप्त राय सल्लाह तथा सुझावहरु,
- नेपाल सरकारले प्रतिवद्धता जनाएका दिगो विकासका लक्ष्य,

- धनगढी उप-महानगरपालिकाको दिगो विकास लक्ष्य स्थानीयकरण प्रतिवेदन
- धनगढी उप-महानगरपालिकाको मध्यकालिन खर्च संरचना (MTEF) प्रतिवेदन
- उप-महानगरपालिकाले स्वीकृत गरेका विभिन्न नीति, कार्यविधि, ऐन र नियमावलीहरु,
- अन्य स्थानीय तहहरुले अबलम्बन गरेका असल अभ्यास, नीति तथा कार्यक्रमहरु
- अन्तराष्ट्रिय तथा राष्ट्रिय विकास साझेदार संघ संस्थाहरुका राय, सल्लाह तथा सुझावहरु

**नीति तथा कार्यक्रमका प्राथमिकता क्षेत्र:**

- अतिक्रमण व्यवस्थापन तथा व्यवस्थित बस्ती विकास
- जनस्वास्थ्य, सरसफाई तथा मानव सामर्थ्य बिस्तार
- कृषि तथा पशुपन्छी उत्पादन, उत्पादकत्व अभिवृद्धि, बजारीकरण तथा व्यवसायीकरण
- गुणस्तरीय शिक्षा, युवा, खेलकुद तथा रोजगारी
- प्रतिफलदायी दिगो पूर्वाधार निर्माण तथा सन्तुलित विकास
- आर्थिक विकास तथा राजश्व परिचालन
- सूचना प्रविधि तथा सञ्चारमा विकास
- उद्यम, स्वरोजगारी र सहकारीताको विकास
- प्रशासनिक पुनर्संरचना तथा संस्थागत सुशासन
- सामाजिक विकास तथा गरिवी निवारण
- भाषा, संस्कृति, कला, साहित्यको संरक्षण, प्रवर्द्धन र विकास
- वन तथा वातावरण संरक्षण एवम् सामुदायिक वनको दीगो प्रयोग
- प्राकृतिक विपद व्यवस्थापन पूर्व तयारी,  पुर्नस्थापन, पुनःनिर्माण, क्वारेन्टाइन व्यवस्थापन, राहत तथा उद्दार कार्य, न्यायोचित वितरण, सचेतना कार्यक्रम
- आर्थिक रुपले अति विपन्न श्रमिक तथा मजदुरहरुलाई रोजगारी उपलब्ध गराउन श्रममुलक प्रविधिको प्रयोग गरी कार्यन्वयन गरिने आयोजनाहरु छनौट, अशक्त, लागू औसध दुर्व्यसनी, असहाय एवं आर्थिक रुपले विपन्न गर्भवती महिला, जेष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरु एवम् सिमान्तकृत समुदायलाई मुलप्रवाहिकरण

**उपस्थित नगरसभा सदस्यज्यू,**
अब म यस उप-महानगरपालिकाको समग्र नीति प्रस्तुत गर्न अनुमति चाहन्छु ।

६. नगरको एकिकृत, सन्तुलित, दिगो र योजनावद्ध विकासका लागि मध्यकालीन खर्च संरचना, लैंगिक उत्तरदायी बजेट र दिगो विकासका लक्ष्य स्थानीयकरण सहितको पहिलो पन्च वर्षीय आवधिक योजना (२०७९/०८०–२०८३/०८४) तर्जुमा गरी कार्यान्वयनमा ल्याईने छ । साथै, हाम्रो कार्यकाललाई **'हाम्रो धनगढी हामि बनाउछौ'** महाअभियान रुपमा मनाईने छ ।

७. उपमहानगर क्षेत्रभित्रका सरकारी, सार्वजनिक तथा पर्ति जग्गा अतिक्रमण गरी बनाइएका संरचनाहरु हटाई सार्वजनिक जग्गा संरक्षण गर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । यस्ता सार्वजनिक जग्गाहरुमा शौचालय, हरियाली सहितको क्याफेटेरिया, पार्किङस्थल, बालमैत्री उद्यान, योगपार्क, ध्यानकेन्द्र तथा ज्येष्ठ नागरिकमैत्री पार्कहरु र खुला क्षेत्रहरुको रुपमा विकास गरिने कार्यलाई प्राथमिकताका साथ अगाडी बढाईनेछ । साथै, नगरपालिकाको बाटो विस्तार लगायत नगरपालिका भित्र रहेका खोलानाला एवम् तालतलैयाकोहरुको प्राकृतिक बहावलाई यथावत कायम गर्न अतिक्रमण गरी बनाईएका घरटहरा लगायतका संरचनाहरु हटाई त्यस्तो ठाउँको दायाँबायाँ पदमार्ग (करिडोर) निर्माण गर्दै लगिनेछ ।

८. रणनैतिक महत्वका परियोजना सहितका प्राथमिकता प्राप्त क्षेत्रको स्रोत सुनिश्चितताका लागि **"Capital Investment Plan"** तयार गरी Project Bank मार्फत योजना तर्जुमा प्रकिया अगाडी बढाईने छ। 'सार्वजनिक, नीजी, लाभग्राही साझेदारी' लगायत विकास साझेदार निकाय (एडीबी, नगर विकास कोष, विश्व बैंक, लगानी विकास वोर्ड, निफ्रा) जस्ता विकास निर्माणसँग आवद्द निकायहरुको साझेदारीमा विकास आयोजनाहरु संचालन गर्ने नीतिलाई अबलम्बन गरिनेछ।

९. नगरपालिकाको आवश्यकता र प्राथमिकताको आधारमा सङ्घीय कानून बमोजिमका मापदण्ड पुरा गरी आन्तरिक तथा वैदेशिक सहायता लिने नीति अवलम्बन गरिने छ। साथै, विदेशी नगरका शहरहरुसँग भगिनी सम्बन्ध स्थापना तथा विस्तार गर्ने, अनुभव आदान प्रदान गर्ने र सो को माध्यमबाट वैदेशिक लगानी आकर्षण गर्ने नीति अबलम्बन गरिनेछ।

१०. धनगढी उप-महानगरपालिकालाई पूर्वाधारको हिसावले सबल, सामाजिक सूरक्षाको हिसावले समतामूलक र सेवा प्रवाहको हिसाबले सुशासनयुक्त बनाउन सबै खाले योजना निर्माण तथा कार्यक्रम संचालन गर्दा त्यसको गुणस्तरीयता, वातावरणिय अनुकुलन, सामाजिक न्याय र दिगो एवम् सन्तुलित विकासलाई प्रथम प्राथमिकतामा राखि अधिकतम् प्रतिफल दिने योजना/कार्यक्रमलाई छनौट गर्ने नीति लिइनेछ। साथै, योजना "Duplication" नहुने गरी कार्यान्वयन हुने व्यवस्था मिलाईनेछ ।

११. सबै नगरबासीको '**आधारभूत स्वास्थ्य र शिक्षा माथि विभेदरहित पहुँच**' स्थापना गर्दै सामाजिक, आर्थिक रुपले वञ्चितिकरण, बहिस्करणमा परेकाहरुलाई सहायता, संरक्षण, उद्धार गरी मुलप्रवाहिकरण गर्ने नीति नगरको मुख्य सामाजिक विकास नीतिको रुपमा रहनेछ।

१२. उप-महानगरपालिकाको सन्तुलित, दीगो र समतामूलक विकासको लागि नविन उपायहरुको खोज, अन्वेषण गर्ने अभिप्रायले शोध तथा अनुसन्धानमूलक कार्यलाई प्रोत्साहन दिनुका साथै योजनाविद, वैज्ञानिक, अर्थशास्त्री, समाजशास्त्री, मानवशास्त्री तथा भाषिक प्राज्ञ सहितको '**नगर विज्ञ समूह'** गठन गरीनेछ ।

१३. कर्मचारी पुनर्संरचना, प्रशासनिक संरचनाको सुदृधिकरण गर्दै सूचना तथा संचार प्रविधिको प्रयोग मार्फत सेवा प्रवाहलाई चुस्त, सुलभ र गुणस्तरीय बनाउन '**नगर विद्युतीय सुशासन गुरुयोजना**' निर्माण गरी लागू गरिने छ।

१४. आर्थिक वर्षको अन्त्य र मध्यतिर योजना/कार्यक्रम परिवर्तन गर्ने तथा बजेट रकमान्तर गर्ने कार्यलाई निरुत्साहीत गर्दै वित्तीय सुशासन कायम गरिनेछ । साथै, अधिकतम लागत प्रवाभकारीता (Best Vaue For Money) कायम राख्नेगरी योजना/कार्यक्रमहरु कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ।

१५. अव्यवस्थित पार्किङ गर्ने, जथाभावी प्लास्टिकजन्य पदार्थ फालेर प्रदूषण गर्ने, सडकमा फोहोर फाल्ने, सडक भित्तामा लेख्ने तथा पम्पलेट टाँस्ने, फुटपाथमा ठेला/पसल संचालन गर्ने, छतको पानी सडकमा फाल्ने, सौचालयको ढल नालीमा मिसाउने, सडकमा अव्यस्थित रुपमा निर्माण सामाग्री राख्ने र ध्वनी प्रदूषण जस्ता क्रियाकलापलाई पूर्णरुपमा निरुत्साहित गर्दै सार्वजनिक

नीजि साझेदारीका आधारमा नगरलाई **स्वच्छ, स्वस्थ र हरित नगरका** रुपमा विकसित गर्दै आगामी आ.व.२०७९/०८० लाई सरसफाई वर्षका रुपमा मनाईनेछ।

१६. कृषि तथा पशुपंक्षीजन्य उत्पादनको उत्पादकत्व अभिवृद्धि गरी कृषिसहकारीलाई व्यवसायीकरण गर्दै औद्योगिक तथा पर्यटन विकास मार्फत नगरको सामाजिक-आर्थिक रुपान्तरण गर्ने नीति लिइनेछ। साथै, ठूला उधोग संचालकलाई नगरपालिका भित्र सम्भाव्य सबै प्रकारको सहयोग गर्ने नीति लीइनेछ।

**उपस्थित महानुभावहरु,**

अब म उल्लेखित समग्र नीतिहरु हासिल गर्न यस उप-महानगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को लागि क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न अनुमति चाहन्छु।

**क) आर्थिक विकास क्षेत्र:**

उन्नत बिउबिजन र आधुनिक कृषि प्रविधिको उच्चतम प्रयोगबाट कृषि प्रणाली तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गरी उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गर्ने, सहकारीलाई व्यवसायीकरण गर्दै औद्योगिक विकास मार्फत नगरको सामाजिक-आर्थिक रुपान्तरण गरी आत्म निर्भर, दीगो, स्वतन्त्र, उन्नतशील र फराकिलो अर्थतन्त्र निर्माण गर्ने र पर्यटन प्रवर्द्धनको माध्यमबाट आर्थिक सम्वृद्धि हासिल गर्ने नीतिलाई नगरको मूल आर्थिक विकास नीतिको रुपमा लिइनेछ।

**कृषि तथा खाद्य कार्यनीति:**

१७. आर्थिक विकासमा कृषि क्षेत्रको उल्लेख्य योगदानको लागि **'एकीकृत कृषि रणनीति'** तयार गरी लागू गरिनेछ।

१८. कृषि पेशालाई सम्मानित, मर्यादित, प्रतिस्पर्धी र व्यवसायिक बनाउन कृषक वर्गीकरणका आधारमा **'व्यवसायिक कृषक पहिचान र परिचयपत्र'** को व्यवस्था गरिनेछ। उन्नत बिउ र आधुनिक कृषि औजारमा अनुदानको व्यवस्था गरी उत्पादकत्वमा वृद्धि गर्दै नगर क्षेत्रको दिगो आर्थिक विकास तथा खाद्य सुरक्षाको सुनिश्चितता गरिने छ। साथै, युवाहरुलाई कृषि व्यवसाय तर्फ आर्कषित गर्दै स्वरोजगारी सिर्जना गर्न **युवा लक्षित कृषि कार्यक्रमहरु** संचालन गरिनेछ।

१९. शुन्य लागत प्रांगारिक खेति (Zero Cost Natural Farming) लाई प्रवर्धन गरिनेछ।

२०. औषधी तथा खाद्यबस्तु लगायतका आधारभूत उपभोग्य वस्तु तथा सेवाको आपूर्ति र गुणस्तर कायम गर्न स्थानीय बजार व्यवस्थापन सम्बन्धी मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

२१. जैविक (Organic) खेतीलाई प्रोत्साहन गर्न गढ़यौला मल, जैविक मल उत्पादन र प्रयोग गर्न प्रोत्साहन गरिनेछ। साथै, कृषि उत्पादनमा प्राङ्गारिक मलको प्रयोग गरि उत्पादन गर्ने कार्यलाई बढावा दिईनेछ।

२२. किसानहरुलाई बैकिङ सेवासँग आवद्ध गरी **सहज र सुलभ कृषि ऋण** उपलब्ध गराउन पहल गरिनेछ। साथै, कृषक समूहहरुलाई व्यवस्थित गर्न एक जना कृषकले एक समूहमा मात्र बस्न पाउने र कृषक समूहले स्थायी लेखा नम्बर लिने व्यवस्था मिलाइनेछ।

२३. जग्गाको उच्चतम उपयोग गर्दै स्वरोजगार बन्न जोड दिने उद्देश्यले बगर खेतीलाई प्रोत्साहन गर्ने कार्यक्रमहरुलाई निरन्तरता दिईने छ।

२४. नगरपालिकाले कृषि क्षेत्रको विकासको लागि कृषि प्राविधिक परिचालन गरी खेतीयोग्य जमिनको माटो परीक्षण, पहिचान र उपयुक्तताका आधारमा **“एक वडा एक उत्पादन"** कार्यक्रमको अवधारणलाई क्रमसः लागू गर्दै लगिनेछ। साथै, आवश्यकता अनुसार वडा कार्यालयमा एक कृषि प्राविधिक राख्ने व्यवस्था मिलाईनेछ।

२५. **“सामुदायिक वनमा खेती”** को अवधारणा विकास गरी सामुदायिक वनहरु सँगको सहकार्यमा जडिबुटीजन्य वनस्पती खेतीलाई प्रोत्साहन गर्ने कार्यको थालनी गरिने छ। साथै, डाले घाँस लगाई सामुहिक बाख्रापालनमा जोड दिई मासुमा आत्मनिर्भर बनाउन युवाहरुलाई प्रोत्साहन गरिनेछ।

२६. रासायनिक मल विक्रेता सहकारी संस्थाको नियमित अनुगमन गर्दै, नयाँ रासायिनिक मल विक्रेता नियुक्त गर्दा कृषि सहकारीहरुलाई मात्र नियुक्त गरी **रासायनिक मलको समुचित वितरणको** व्यवस्था मिलाईनेछ। साथै, तरकारी खेतीमा बिषादीको बढ्दो प्रयोग कम गर्न बिषादीको प्रयोगबाट हुने नकारात्मक असर र बिषादीको सुरक्षित प्रयोग बारे जनचेतनामुलक कार्यक्रम संचालन गर्न IPM कृषक पाठशाला संचालन गरिने छ।

२७. पुष्पखेती, तरकारी, फलफूल र मुगदाल व्यवसायिक उत्पादन कार्यक्रम संचालन गरिनेछ। आगामी २ वर्षभित्र धनगढीलाई फुलमा आत्मनिर्भर बनाउन पहल गरिनेछ।

२८. व्यावसायिक कृषि उपज उत्पादनको लागि आवश्यक सिंचाइको व्यवस्था गर्न अनुदानको व्यवस्था गरिनेछ। साथै, ग्रामिण बस्तिहरुमा बिद्धुत लाईन विस्तार गरी कृषि पेशामा आवद्द कृषकहरुको सिचाई सुविधाका लागि सहुलियत दरको कृषि मिटर उपलब्ध गराउन सहजीकरण गरिनेछ।

२९. आलु, प्याज र लसुनमा उत्पादनमा आधारित प्रोत्साहन अनुदानको व्यवस्था गरिएको छ। साथै, आलु बीउ उत्पादन र भण्डारणमा अनुदानको व्यवस्था गरिनेछ।

३०. भूमिहिन तथा न्यून जग्गा जमिन भएका नगरबासीहरुलाई थोरै जमिनबाट पनि आय आर्जमा गर्न सकिने मौरीपालन, च्याउ खेती जस्ता नगदे व्यवसायमा प्रोत्साहित गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

३१. कृषि उत्पादन वृद्धिको लागि कृषकलाई उन्नत प्रविधि सम्बन्धी तालीम प्रदान गर्ने, बेमौसमी तरकारी खेती कार्यक्रममा जोड दिने, कृषि बिमा कार्यक्रमलाई प्रवर्द्धन गर्ने जस्ता कृषि जनचेतनामूलक कार्यक्रमहरु संचालनमा ल्याईनेछ।

३२. मुक्तकमैया, एकल महिला तथा दलित, अल्पसंख्यक सिमान्तिकृत लगायतको जीवनस्तर सुधारका लागि मागका आधारमा आयआर्जनका कार्यक्रम छनौट गरी त्यस्ता कार्यक्रम संचालन गर्न अनुदान तथा समन्वयको व्यवस्था गरिनेछ।

३३. रैथाने बिउ र बाली संरक्षणको लागि रैथाने जातको पहिचान गरी सुचिकृत गर्ने कार्यलाई प्रोत्साहन गर्दै लगिनेछ।

३४. कृषि बजार संरचनाहरु लाई व्यवस्थित गर्दै प्रभावाकारी रुपमा संचालनमा ल्याईने व्यवस्था मिलाईनेछ। साथै, नगरबासीलाई सर्वसुलभ ढंगबाट तरकारी तथा फलफुलको आपुर्ति गर्ने व्यवस्था मिलाउनका लागि उपयुक्त स्थानहरुमा शीत भण्डारसहितको आधुनिक तरकारी बजारको स्थापना गरिनेछ। साथै, कृषि उपज केन्द्रहरुलाई व्यस्थित गरी संचालनमा ल्याईने छ।

**पशुपंक्षी विकास कार्यनीति:**

३५. सामुदायिक पशुहरुको उपचार तथा भ्याक्सिनेशन गर्ने कार्य लाई निरन्तरता दिईने छ। सामुदायिक कुकुरहरुको व्यवस्थापनको लागि जन्म नियन्त्रण तथा रेविज रोगको प्रभाव न्यूनिकरण गर्ने कार्य संचालन गरिने छ। साथै, **सामुदायिक चौपायाहरुको व्यवस्थापन साझेदार निकायहरुसँगको सहकार्यमा** गरिने छ।

३६. कृषकहरुलाई पशुपंक्षीको अप्रत्याशित क्षति न्यूनीकरण गर्न "**पशुपंक्षी बिमा कार्यक्रम**" लाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ । पशु सेवा शाखाबाट संचालन हुने अनुदानका कार्यक्रमहरुमा अनिवार्य बिमाको नीति लिइनेछ । साथै, पशुपंक्षी पालन सम्बन्धि चेतनामूलक कार्यक्रम संचालन गरिने छ ।

३७. पशुपन्छीजन्य पदार्थको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न **पशु नश्लसुधार कार्यक्रम**लाई प्राथमिकता दिईने छ र सो का लागि कृत्रिम गर्भाधान कार्यको निरन्तरता, क्षेत्र विस्तार, प्राविधिक दक्षतामा वृद्धि र आवश्यक उपकरण उपलव्ध गराईनेछ ।

३८. ग्रामिण क्षेत्रमा विपन्नताका आधारमा दलित, महिला, जनजाति, एकल महिला, अपाङ्गता भएका तथा विपन्न वर्गलाई आयआर्जनका लागि पशु सेवामा आयमूलक कार्यक्रम संचालन गरिनेछ ।

३९. दुध, मासु र अण्डामा आत्मनिर्भर हुन पशुपंछी व्यवसायलाई प्रवर्द्धन गर्ने नीतिलाई निरन्तरता दिईने छ । साथै, माछापालन क्षेत्रको विस्तार तथा विद्यमान तालतलैयाको बहुउपयोगी प्रयोग गरी नगरलाई माछामा आत्मनिर्भर बनाउने नीति लगिनेछ ।

४०. पशुपंक्षी उपचारमा कृषकहरुको पहुँच बढाउन आवश्यकताका आधारमा पशु सेवा प्राविधिकको व्यवस्था गरी पशुपंक्षी उपचार सेवालाई विस्तार गर्दै लगिने छ ।

**पर्यटन विकास कार्यनीति :**

४१. धनगढी उप-महानगरभित्र रहेका मन्दिर, गुम्बा, देउथान, घुयियाँ, विहार आदि धार्मिक तथा सांस्कृतिक स्थलहरुमा हुने दैनिक सांस्कृतिक तथा पर्यटकिय गतिविधिलाई स्थानीय रोजगारीसँग आवद्ध गर्दै लगिनेछ ।

४२. वडा नं. ३ को सामुदायिक वन क्षेत्र देखि शिवपुरीधाम, जखोर ताल हुँदै वेहडाबाबा सम्म विभिन्न मठ मन्दिर जोड्दै सांस्कृतिक तथा पर्यटकिय साईकल ट्रयाक निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ । साथै, बेहडाबाबा, शिवपुरी धान, बेलापुरी धान, जाखोर ताल, नेतुवा ताल, चौफेरी ताल लगायतलाई पर्यटकीय क्षेत्रको रुपमा विकशित गर्दै लगिनेछ ।

४३. पर्यटन प्रवर्द्धनका लागि घर आवास (होमस्टे) नीतिलाई प्रोत्साहन गरिने छ । भादा होमस्टेलाई थप प्रवर्द्धन गरी आन्तरिक तथा बाह्य पर्यटकहरुको आकर्षक गन्तब्यका रुपमा विकास गरिनेछ । जुगेडा गाउँलाई रानाथारु होसस्टेको रुपमा विकसित गर्दै लगिनेछ । साथै, होमस्टे संचालनका लागि स्थानीय बासिन्दालाई परम्परागत खानपिन, रहनशैली, संस्कृति, पर्यटन सूचना र मौलिकता प्रवर्द्धन जस्ता पर्यटकीय कार्यक्रमहरु बारे अभिमुखीकरण तालिम संचालन गरिनेछ ।

४४. नगरको सौन्दर्यता अभिबृद्धि गर्नका लागि मुख्य मुख्य चोकहरुमा सुन्दर सुदूरपश्चिममको पहिचान झल्किने गरी वाल पेंटिंग को व्यस्था गरिनेछ । साथै, पर्यटन प्रवर्धनका लागि सडक महत्सोव संचालन गरिनेछ ।

४५. धनगढी विमानस्थलको स्तरोन्नतिको लागि संघ तथा प्रदेश सरकार सँग आवश्यक पहल गरिनेछ ।

४६. **"हाम्रो परम्परा, हाम्रो संस्कृति : संरक्षण र प्रवर्द्धन हाम्रो साझा जिम्मेवारी"** नाराका साथ नगरभित्रका सबै समुदायको पहिचान संरक्षण गर्ने नीति लिईनेछ । साथै, रानाथारु संग्रहालय निर्माण कार्यलाई यसै आर्थिक वर्ष भित्र सम्पन्न गरिने छ भने वडा नं ७ मा रहेको थारु संग्राहलयलाई संचालनमा ल्याईनेछ ।

४७. धनगढी उप-महानगरपालिकाको नेपाल भारत सीमा क्षेत्रमा रहेको गौरीफन्टा नाकामा पर्यटन प्रवर्द्धनका लागि स्थानीय मौलिकतामा आधारित स्वागतद्वार निर्माण गर्न संघीय सरकार र प्रदेश सरकारसँग आवश्यक समन्वय तथा सहकार्य गरिनेछ ।

४८. स्थानीय समुदाय, निजी क्षेत्र, सुरक्षा निकाय, यातायात व्यवसायीसँग सहकार्य गरी आर्थिक तथा पर्यटन क्षेत्रमा योगदान दिने निश्चित क्षेत्रहरु रातको समयमा सञ्चालन गर्नका लागि आवश्यक नीतिगत तथा पूर्वाधारको व्यवस्था मिलाइनेछ।

**<u>उद्योग, वाणिज्य तथा रोजगार प्रबर्द्धन कार्यनीति:</u>**

४९. उद्यमीहरुलाई स्थानीयस्तरमै दर्ता गरी संचालन गर्न उद्योग दर्ता तथा संचालन सम्बन्धी कानून निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ। साथै, धनगढी उप महानगरपालिकालाई औद्योगिक नगरीको रुपमा विकास गर्न ठुला उद्योगहरुलाई नगरबाट उपलब्ध हुने सेवासुविधा र राजश्वमा विशेष सहुलियत दिने व्यवस्था मिलाईनेछ।

५०. धनगढी सिटी हल, फूलबारी कोल्ड स्टोर, जडीबुटी प्रशोधन केन्द्र, कनरी पार्क, चिल्ड्रेन पार्क जस्ता रणनीतिक संरचनाहरुलाई सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार संचालनमा ल्याइने छ ।

५१. विदेशमा निर्यात हुने उत्पादित वस्तुमा स्थानीय करमा छुट दिदै निर्यातयोग्य उत्पादनमा जोड दिइनेछ। साथै, स्थानीय रोजगारी सिर्जना र स्थानीय कच्चा पदार्थमा आधारित उद्यम र उद्योगलाई प्रोत्साहन गरिने छ।

५२. बैदेशिक रोजगारी बाट फिर्ता आएका श्रमिकहरुको सीप पहिचान गरी स्वरोजगारमूलक कार्यमा संलग्न गराउन पहल गरिनेछ। साथै, श्रम सम्बन्धलाई प्राथमिकता दिँदै सार्वजनिक पूर्वाधार निर्माण, कृषि, व्यवसायिक उद्योग, वित्तिय क्षेत्रबाट रोजगारी सिर्जनामा जोड दिइनेछ।

५३. नगरक्षेत्र भित्र कालोबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने व्यवसायीलाई कानूनी दायरामा ल्याउन बजार अनुगमनको कार्यलाई प्रभावकारी बनाइनेछ।

५४. घरेलु तथा साना उद्योग र लघु उद्यम विकास कार्यक्रमलाई प्रवर्द्धन गर्दै कानून बमोजिम घरेलु तथा साना उद्योगहरुको दर्ता एवम् नविकरण स्थानीय तहवाटै गर्ने व्यवस्था मिलाईनेछ। साथै, लघु उद्यम विकास कार्यक्रमलाई सवै वडामा क्रमिक रुपमा विस्तार गर्ने र प्रत्येक वर्ष एक सय जना नयाँ उद्यमी सिर्जना गर्ने नीति लिईनेछ ।

५५. लघु उद्यम कार्यक्रम अन्तर्गत सीप हासिल गरी उद्यमी बनेका व्यक्तीहरुको उत्पादनलाई बजारीकरणमा सहयोग पुग्ने गरी निजहरुको उत्पादन विक्री गर्न "**एक निःशुल्क विक्री कक्ष**" को व्यवस्था गरिने छ।

५६. रोजगार सेवा केन्द्रमा सूचिकृत भएका १४७९ जना बेरोजगारहरु लाई प्राथमिकताको आधारमा कामका लागि पारिश्रमिकमा आधारित आयोजनाहरुमा संलग्न गराई न्यूनतम रोजगारीको प्रत्याभूती गराइनेछ।

५७. गरिब, बिपन्न तथा रोजगारी गुमेका व्यक्तिहरु लाई सूचिकृत गरी विशेष प्राथमिकतामा राखिनेछ।

५८. संघ तथा प्रदेशले ल्याएको रोजगारमूलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ। साथै,आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजी सहकारी तथा गैर सहकारी क्षेत्र सँग समन्वय र सहकार्यमा जोड दिइनेछ।

५९. रोजगार सेवा केन्द्रलाई थप सुदृढिकरण गरी श्रम सूचना बैंकको रुपमा स्थापित गरिनेछ। साथै, नगर स्तरिय नियमित विकास निर्माणका योजनाहरुमा आवश्यक श्रमिकहरुको आपूर्तिका लागि रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई प्राथमिकता दिइनेछ।

६०. रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरु मध्ये २०० जनालाई कार्यस्थलमा आधारित ५० दिनको सिपमुलक तालिम संचालन गरिने छ । साथै, यूवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना र कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु मार्फत आगामी आ.व. मा थप ३०० जनालाई १०० दिनको रोजगारी प्रदान गरिने छ ।

**सहकारी विकास तथा गरिबी निवारण कार्यनीति:**

६१. सहकारीहरुलाई उत्पादनशील बनाउदै गरिबी निवारण गर्ने उद्देश्यले सबै प्रकारका सहकारीहरुलाई उत्पादन तथा स्वरोजगारका कार्यक्रम संचालन गर्न प्रोत्साहन गरिनेछ ।

६२. अनौपचारिक क्षेत्रमा संलग्न महिला, दैनिक ज्यालादारीमा कार्य गर्ने मजदूरहरुलाई सहकारीमा आबद्ध गराउन विशेष कार्यक्रमको ब्यबस्था गरिनेछ । तरकारी, फलफूल, घरेलु खाद्य उद्योग, सरसफाई, क्याफे रेष्टुरेण्ट, मनोरञ्जन, प्राविधिक, पेशागत शिल्पी, निर्माण, स्वास्थ्य क्षेत्र समेतमा आधारित उपभोक्ता, श्रमिक र उत्पादक सहकारी संस्था प्रवर्द्धनमा जोड दिइनेछ ।

६३. नयाँ गठन भएका र निष्क्रिय सहकारीको संस्थागत क्षमता अभिवृद्धिका लागि सहकारी संस्थालाई आवश्यक तालिम दिईनेछ । साथै, सहकारी संस्थाको कारोबारलाई डिजिटल (Digital) प्रविधिमा रुपान्तरण गर्न निःशुल्क तालिम उपलब्ध गराइने छ ।

६४. पुँजीको अभावमा निष्क्रिय रहेका सहकारी संस्थाहरुलाई भौगोलिक कार्यक्षेत्र र प्रकृतिका आधारमा एकिकरण गरी सक्रिय गराउन तर्फ पहल गरिनेछ । साथै, सहकारी संस्थाको व्यवसायिक कारोबारलाई पारदर्शी बनाउन सहकारी अनुगमन कार्यमा तिब्रता दिइनेछ ।

६५. नगरक्षेत्र भित्र रहेका सबै सहकारी संस्थाहरुको व्यवसायिक कारोबारलाई स्थानीय तहमा दर्ता तथा नविकरण गर्ने व्यवस्था मिलाईने छ । साथै, कृषि, पशु सेवा, महिला विकास र स्वास्थ्य शाखाबाट गठन भएका समूहहरुलाई वित्तिय साक्षरता तथा सहकारी सचेतना सम्बन्धी अभिमुखिकरण गरी सहकारीमा आवद्ध गर्न प्रोत्साहन गरिनेछ ।

६६. सहकारीका सदस्यहरुलाई सहकारी सम्बन्धी ज्ञान तथा क्षमता विकासका लागि सहकारी संस्थाहरुसँग अन्तरक्रिया तथा अवलोकन कार्यलाई प्रोत्साहन गर्न लागत सहभागीतामा अवलोकन तथा अध्ययन भ्रमणको व्यवस्था मिलाइनेछ ।

६७. नगरवासीहरुलाई सहज र सरलरुपमा आर्थिक कारोबार संचालनको लागि बैक तथा वित्तिय संस्थाहरुसँग सहकार्य गरी टोल, छिमेकमा नै बैकिङ सेवा पुर्याउन बैक तथा वित्तिय संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

**ख) सामाजिक विकास तथा समाजकल्याण नीति**

सबै नगरबासीको आधारभुत स्वास्थ्य र शिक्षा माथि सरल, सहज एवम् गुणस्तरीय पहुँच स्थापित गर्न सार्वजनिक, नीजि, राष्ट्रिय तथा अन्तराष्ट्रिय जगतसँग समन्वय, सहकार्य र साझेदारी गर्दै धनगढीलाई **"स्वस्थ नगर : शिक्षित नगर"** का रुपमा विकसित गर्ने,

लैङ्गिक हिंसामा परेका, अति विपन्न, असहाय, महिला, गर्भवती महिला, सुत्केरी, एकल महिला, बालबालिका, किशोर किशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा सामाजिक रुपले वञ्चितिकरण, बहिस्करणमा परेकाहरुलाई सहायता, संरक्षण, उद्धार गरी मुलप्रवाहिकरण गर्ने नीति नगरको मुख्य सामाजिक विकास नीतिको रुपमा रहनेछ ।

**शिक्षा, युवा तथा खेलकुद विकास कार्यनीति:**

६८. शिक्षा, युवा तथा खेलकुद सम्बन्धी नगरस्तरीय विद्यमान ऐन, कानून समयानुकुल परिमार्जन गरिनेछ । साथै, सामुदायिक विद्यालयको गुणस्तरमा सुधार गरी निजी शैक्षिक संस्थाहरुले विद्यार्थीबाट उठाउँदै आएको शुल्कमा बस्तुगत नियमन गरी मापदण्ड तोकिनेछ ।

६९. विद्यालयस्तरमा सञ्चालन हुने कार्यक्रम कार्यान्वयनमा एकरुपता कायम गर्न "**वार्षिक शैक्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि"** तयार गरी लागु गरिनेछ ।

७०. कुलत संस्कार बाट जोगाउन विद्यालय, स्वास्थ्य संस्था परिसर नजिक मादक पदार्थ, चुरोट तथा सूर्तिजन्य पदार्थको बिक्रि वितरणमा रोक लगाउँदै विधालय पोशाकमा रहेका विधार्थीहरुलाई उक्त पदार्थ बिक्रि वितरण रोक लगाईनेछ ।

७१. विद्यालयस्तरका समसामयिक समस्याहरुको समाधान तथा प्रधानाध्यापकहरुको नेतृत्व विकासका लागि मासिक प्रधानाध्यापक बैठक तथा शैक्षिक अन्तरक्रिया कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

७२. आगामी वर्षबाट राष्ट्रिय स्तरको म्याराथन प्रतियोगिता संचालन गरिनेछ ।

७३. नगरस्तरीय शैक्षिक तथ्याङ्कलाई व्यवस्थित गर्न विद्यालयका प्रधानाध्यापक, शिक्षक, कर्मचारी र नगरपालिकाका कर्मचारीहरुको क्षमता विकास गरिनेछ ।

७४. विद्यालयस्तरको लेखा प्रणालीलाई चुस्त, दुरुस्त व्यवस्थित एवम् पारदर्शी रुपमा सञ्चालन गर्न म्यानुयल लेखा प्रणालीलाई प्रतिस्थापन गरेर क्रमसः प्रविधि मैत्री बनाउँदै लगिनेछ ।

७५. आधारभूत तह कक्षा १-८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ । फोहरमैला व्यवस्थापन, विपद व्यवस्थापन, स्थानीय कला, संस्कृति, भाषा जस्ता विषयलाई स्थानीय भाषाको पाठ्यक्रममा समावेश गर्न जोड दिईने छ ।

७६. राष्ट्रिय आविष्कार केन्द्र तथा स्थानीय स्तरमा रहेका नवप्रवर्द्धनशील संस्थाहरुको सहकार्यमा नगरक्षेत्र भित्र रहेका प्रतिभाहरुको खोज, पहिचान एवम् विकास गरी त्यस्ता प्रतिभाहरुलाई प्रस्फुटन गर्ने कार्यमा आवश्यक सहकार्य गर्ने नीति लिईनेछ ।

७७. युवा तथा खेलकुदलाई प्रवर्द्धन गर्न 'एक वडा एक खेलमैदान' निर्माण गरिनेछ । साथै, नगरस्तरमा सञ्चालन हुने तथा यस नगरको प्रतिनिधित्व हुने गरी सहभागिता जनाईने सबै प्रकारका खेलकुद कार्यक्रमहरुलाई व्यवस्थित रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न "**नगर खेलकुद विकास समिति"** लाई थप व्यवस्थित गर्दै लागिनेछ । साथै, राष्ट्रिय/ अन्तर्राष्ट्रिय रुपमा नगरको गौरव अभिवृद्धि गर्ने खेलाडीलाई नगरले उचित सम्मान गर्ने व्यस्था गरिनेछ ।

७८. पाठ्यक्रममा आधारित क्रियाकलाप तथा अतिरिक्त क्रियाकलापको माध्यमबाट बालबालिकाको अन्तरनिहित प्रतिभा प्रष्फुटनको अवसर प्रदान गरी सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउन अतिरिक्त शैक्षिक क्रियाकलपाहरु सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

७९. बालविकास शिक्षक, विद्यालय कर्मचारी, विद्यालय सहयोगी र सामुदायिक सिकाइ केन्द्रका सहजकर्ताहरुलाई नेपाल सरकारले तोकेको न्युनतम् मासिक पारिश्रमिकमा संघीय सरकारबाट उपलब्ध गराईएको रकममा अपुग हुने रकम उप-महानगरपालिकाको आन्तरिक स्रोतबाट यस आर्थिक बर्षमा पनि उपलब्ध गराईनेछ ।

८०. विगत शैक्षिक वर्षहरुमा विद्यालयले नियुक्त गरेर शिक्षण सहयोग अनुदान प्राप्त नगर शिक्षकलाई **नगर शिक्षक व्यवस्थापन कार्यविधि, २०७८** बमोजिम सेवा सुविधा पुनरावलोकन गरिनेछ।

८१. नगरपालिकाभित्रका कम्तिमा तीनवटा विद्यालयलाई नगरपालिकास्तरबाट नमुना विद्यालयका रुपमा विकास गर्न "**नगर प्रमुख शैक्षिक गुणस्तर सुधार कार्यक्रम**" सञ्चालन गरिनेछ।

८२. आमाको माया छात्राबासमा बसोबास गर्ने छात्राछात्रहरु, पशुपति शिक्षा मन्दिर अध्ययनरत विद्यार्थीहरु, सडक बालबालिकाको शिक्षामा काम गर्ने संस्थाहरुलाई सहयोगका लागि अनुदान उपलब्ध गराईनेछ।

८३. विद्यालयले सञ्चालन गरेको आवास वा विद्यालय बाहिर डेरा गरिबस्नु पर्ने अपाङ्गता भएका विद्यार्थीहरुलाई आवासिय छात्रवृति, अन्य अपाङ्गता भएका विद्यार्थीहरु, आधारभूत तहका सबै छात्रा, आधारभूत तहका सबै दलित छात्र, मुक्त कम्लहरी र विपन्न लक्षित समूहका विद्यार्थीहरुलाई अध्ययनरत विद्यालयहरुबाटै गैरआवासिय छात्रवृति उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

८४. आधारभूत तहका सबै विद्यालयहरुलाई प्रति विद्यालय एक प्रोजेक्टर उपलब्ध गराई विद्यालयको शिक्षण सिकाइलाई डिजिटाइज्ड गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

८५. शिक्षक, प्रधानाध्यापक, विद्यालय कर्मचारी तथा शिक्षासम्बद्ध कर्मचारी एवम् पदाधिकारीहरुको क्षमता विकासका लागि प्रविधिमा आधारित तालिम, स्थलगत शैक्षिक भ्रमण, कार्यशाला, अनुभव आदानप्रदान कार्यक्रम, रोष्टर समूह गठन तथा परिचालन लगायतका नियमित कार्यक्रमहरुको सञ्चालन गरिनेछ।

८६. धनगढी पोलिटेक्निक इन्ष्टिच्युटको सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ। साथै, आगामी दिनमा त्यस धनगढी पोलिटेक्निक इन्ष्टिच्युटलाई आत्मनिर्भर बनाउदै लगिनेछ ।

८७. वस्तुनिष्ठ मूल्याङ्कनका विधिहरुको आधारमा विद्यालय तथा नगरस्तरीय परीक्षाहरु व्यवस्थित गरिनेछन्।

८८. "**सामुदायिक सिकाइ केन्द्र**" मार्फत साक्षर महिला समूह गठनका माध्यमबाट आयआर्जनका कार्यक्रम संचालन गरी निरन्तर शिक्षा मार्फत जीवनस्तर वृद्धि गर्न पहल गरिनेछ।

८९. सामुदायिक विद्यालयका कक्षा एक देखि बाह्रमा अध्ययनरत विद्यार्थीहरुलाई नि:शुल्क पाठ्यपुस्तकको व्यवस्था गरिनेछ। साथै, सामुदायिक विद्यालयका छात्राहरुलाई नि:शुल्क सेनिटरी प्याड उपलब्ध गराईनेछ।

९०. शैक्षिक गुणस्तर सुधारका लागि नगर शिक्षा समितिको निर्णय अनुसार समसामयिक शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ।

**जनस्वास्थ्य विकास कार्यनीति:**

९१. **"स्वस्थ उपमहानगर, सम्वृद्ध जनता : गुणस्तरीय जनस्वास्थ्य सेवा हाम्रो प्रतिवद्धता"** नारालाई आत्मसाथ गर्दै आधारभूत स्वास्थ्य सेवालाई थप प्रभावकारी तथा गुणस्तरीय बनाउन स्वास्थ्य संस्थाहरुलाई आवश्यक पर्ने भौतिक पूर्वाधार, औषधी, उपकरण लगायतका अन्य स्रोतसाधनमा अभिवृद्धि गर्दै लगिनेछ।

९२. सम्पूर्ण वडामा मासिक रुपमा **'बिशेषज्ञ वडा स्वास्थ्य क्लिनिक'** संचालन गरि 'Doctors to Home' कार्यक्रम मार्फत बिशेषज्ञ सेवालाई नागरिकको घरदैलोसम्म पुर्याईनेछ।

९३. विद्यालयस्तरमा अध्यनरत बालबालिकाहरुको ‘Psychosomatic Screening’ गर्ने कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।

९४. वडास्तरमा निर्माण भएका स्वास्थ केन्द्रलाई भूगोल, जनसंख्या र अवस्थितिका आधारमा कल्स्टर अनुसार वर्गीकरण गरी सुविधा सम्पन्न स्वास्थ्य केन्द्रका रुपमा विकशित गरिनेछ ।

९५. **‘No More Home Deliveries’** कार्यक्रम मार्फत नगरक्षेत्रलाई शत प्रतिशत संस्थागत सुत्केरी भएको सुनिश्चितता गरिनेछ । साथै, ANC र PNC जाँच कार्यक्रमलाई बढावा दिनुका साथै बर्थिङ सेन्टर विस्तार, स्वास्थ्यकर्मीको दक्षता/ क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गर्दै लगिनेछ ।

९६. शारीरिक, मानसिक र संवेगात्मक स्वास्थ्य प्रबर्द्धन लागि प्रत्येक वडाका सार्वजनिक स्थलहरुमा **‘नगर योग-ध्यान कार्यक्रम’** संचालन गरिनेछ ।

९७. धनगढी उप-महानगरपालिका अन्तर्गत महिला स्वास्थ्य स्वयंसेविकाले गरेको कार्यको कदर गर्दै हाल पाइरहेको सेवा सुविधालाई समयानुकुल पुनरावलोकन गरी सेवालाई थप प्रोत्साहित गर्दै लगिनेछ ।

९८. धनगढी उप-महानगरपालिका क्षेत्र भित्र संचालन भैरहेको कोभिड स्वाब संकलन केन्द्रलाई **“Health Hub”** को रुपमा विकास गरी नि:शुल्क रुपमा क्षयरोगका लागि खकार परिक्षण, औलो परीक्षण, सुगर जाँच, मृगौला बचाऔं अन्तर्गत पिसाबमा प्रोटिन जाँच, रक्तजाँच, सिकल सेल परिक्षण जस्ता सेवालाई विस्तार गर्दै लगिनेछ । साथै, बेली स्वास्थ्य केन्द्रमा रहेको अक्सिजन प्लान्टलाई संचालनमा ल्याईनेछ ।

९९. अर्टिजम रोग लागेका बालबालिकाहरुको लागि कार्यक्रम संचालन गरिनेछ ।

१००. उपमहानगरपालिकालाई पूर्णखोप दिगोपना तथा सुनिश्चितता कायम गरिनेछ, यसका साथै नियमित खोप कार्यक्रम मार्फत कोभिड खोपलाई निरन्तर संचालन गरिनेछ ।

१०१. उपमहानगरपालिका भित्र संचालनमा रहेका निजी स्वास्थ्य संस्था, औषधी पसल लगायतका स्वास्थ्य संस्थाहरुलाई पालिकामा दर्ता एवम् नवीकरण गर्ने प्रकियालाई अनिवार्य गरिनेछ । साथै, उप-महानगरपालिकाले संचालन गर्ने विशेषज्ञ वडा स्वास्थ्य क्लिनिकमा निजी संस्थाले नि:शुल्क सेवा उपलब्ध गराए बाफत दर्ता/नवीकरणमा लाग्ने शुल्कमा सहुलियत दिईनेछ ।

१०२. **‘उत्कृष्ट स्वास्थ्यकर्मी, सम्मानित संस्था’** कार्यक्रम मार्फत उप-महानगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुको कार्यप्रगति, नविनतम पद्दति लगायतका सुचकहरुलाई मापदण्ड बनाई बार्षिक रुपमा स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहन गरिनेछ ।

१०३. उपमहानगरपालिकाका भित्र संचालन भइरहेको सफल कार्यक्रम ‘ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम’ लाई निरन्तरता दिइनेछ ।

१०४. ‘तपाइको स्वास्थ्य हाम्रो सरोकार’ अन्तर्गत उप-महानगरबासीको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने दैनिक उपभोग्य बस्तुहरुको आपूर्ति बिक्रि वितरण तथा गुणस्तरको उचित प्रत्याभूति दिने नीति ल्याइनेछ ।

१०५. HIV/AIDS, Hepatitis जस्ता सरुवा रोगहरुलाई नियन्त्रणका लागी लागु पदार्थ दुर्व्यसनी, जंकफुड जस्तै चाउचाउ, विस्कुट आदिको सेवनबाट स्वास्थ्यमा पर्ने नकारात्मक असर र यसले उत्पन्न गर्ने फोहोरमैला प्रदूषण बारे जनचेतना अभिवृद्धि गर्नका लागि सम्पूर्ण विद्यालयहरुमा प्रत्येक महिना स्वास्थ्यकर्मीले स्वास्थ्य शिक्षा कक्षा संचालन गर्ने नीति ल्याइनेछ ।

१०६. **‘एक वडा एक एम्बुलेन्स’** कार्यक्रम अन्तर्गत एम्बुलेन्स सेवालाई थप प्रभाबकारी बनाउनुका साथै गर्भवती, सुत्केरी, जेष्ठ नागरिकहरुका लागि पालिका भित्र नि:शुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।

१०७. स्वास्थ्य बिमालाइ थप प्रभाबकारी बनाउनका लागि गरीब, असहाय, बिपन्न परिवार, नियमित र समयमै राजश्व बुझाउने व्यक्तिहरुको प्रिमियममा सहुलियत गर्ने कार्यक्रम संचालन गरिनेछ।

१०८. बिपन्न नागरिक औसधि उपचार कोषका लागि बजेट व्यवस्थापन गरिनेछ।

१०९. लागु पदार्थ दुर्व्यसन न्यूनीकरणका लागि समुदायस्तरमा जनचेतनामुलक कार्यक्रम संचालन गर्न **नार्कोन नेपाल** लगायत दुर्व्यसनको क्षेत्रमा कार्य गर्ने सरकारी तथा गैरसरकारी संघ सस्थाहरुसँग सहकार्य गरिनेछ।

११०. हरेक महिना प्रत्येक वडामा **नि:शुल्क दन्त स्वास्थ्य परिक्षण शिविर** संचालन गरिनेछ।

१११. बृहत पोषण प्याकेज कार्यक्रम मार्फत धनगढी उपमहानगरपालिका लाई सुपोषित पालिका बनाईनेछ।

११२. आयुर्बेद तथा बैकल्पिक चिकित्सालाई बिस्तार गर्दै लगिनेछ साथै स्थानिय स्तरमा उपलब्ध हुने औषधोपयोगी जडिबुटीको पहिचान र प्रयोगबारे कार्यक्रम संचालन गरिनेछ।

**ज्येष्ठ नागरिक, महिला, बालबालिका, किशोर किशोरी, अपाङ्गता भएका व्यक्ति तथा लोककल्याण कार्यनीति:**

११३. ज्येष्ठ नागरिकहरुको सक्रिय र सम्मानपूर्वक जीवनयापनका लागि दिवा सेवा केन्द्र संचालन गर्ने र उनीहरुमा रहेको ज्ञान,अनुभव युवापुस्तामा हस्तान्तरण हुने क्रियाकलाप संचालन गर्दै यसै आ.व. मा सयजना ज्येष्ठ नागरिकलाई मुक्तिनाथ दर्शन अवलोकन भ्रमणमा लगिनेछ।

११४. सामाजिक सूरक्षा भत्ता वितरण प्रणालीलाई घरदैलो सम्मै पुर्याउने व्यवस्था गरिनेछ।

११५. प्रत्येक टोलमा निगरानी समूह सहितका महिला विकास समितिहरु गठन एवम् विस्तार गर्ने कार्यलाई निरन्तरता दिंदै त्यस्ता समिति र संस्थाहरुको सामाजिक सशक्तिकरण र व्यावसायिक क्षमता विकासमा जोड दिईनेछ।

११६. लैंगिक हिंसामा परेकाहरुलाई पुनर्स्थापना केन्द्रमा अस्थायी रुपमा आश्रय दिई उनीहरुको क्षमता विकास गरी स्वरोजगारमूलक कार्यमा सहभागी गराउने एवम् परिवारसँग पुनर्मिलन गराउनका लागि सरकारी तथा गैर-सरकारी संघसस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ।

११७. लैंगिक संवेदनशीलता विकासका लागि **मानवीय मूल्य प्रवर्द्धन कार्यक्रमहरु** संचालन गरिनेछ। साथै, लैंगिक समानता र सामाजिक समावेशीकरण नीतिको प्रभावकारी कार्यान्वयनमा जोड दिईनेछ।

११८. **'उप-प्रमुख महिला उद्यमी सम्मान'** कार्यक्रमको सुरुवात गरिनेछ।

११९. सामाजिक बिकृतिहरु, कुप्रथाहरू न्यूनीकरणका लागि सचेतीकरण कार्यक्रमहरुलाई निरन्तरता दिदै सकारात्मक सामाजिक अगुवा निर्माण कार्यक्रम संचालन गरिनेछ। साथै, घरेलु हिंसा न्युनीकरण गर्न निगरानी समूह, आमा समूह, टोल विकास समितिहरु परिचालन गर्ने नीति लिईनेछ।

१२०. हिंसामा परेका महिलाहरुको अल्पकालीन आश्रयस्थलका रुपमा संचालित **सेफ हाउसको** सेवा प्रबर्द्धन गर्न सरकारी र गैर सरकारी सस्थाहरुसँग निरन्तर समन्वय गरिनेछ र यसका लागि बजेटको सुनिश्चितता गरी लैंगिक हिँसा निवारण कोष परिचालनमा जोड दिईनेछ।

१२१. अपांगता भएका व्यक्ति र जेष्ठ नागरिकहरुको प्रत्येक वडामा संजाल निर्माण गरी नियमित शसक्तिकरण, सहजीकरण र परिचालनमा जोड दिईनेछ ।

१२२. लक्षित वर्गका महिलाहरुको सशक्तिकरण एवम् मुलप्रवाहीकरणका लागि महिला विकास कार्यक्रम मार्फत लैंगिक समानता, नेतृत्व विकास, सामाजिक न्याय, प्रजनन स्वास्थ्य, जीवन उपयोगी शिक्षाजस्ता सक्षमता अभिवृद्धिका कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१२३. बालमैत्री, अपांगता मैत्री, ज्येष्ठनागरिकमैत्री पूर्वाधार निर्माणमा जोड दिईनेछ । साथै, पूर्ण असक्त असहाय व्यक्तिको लागि घरमै गएर अपांगता परिचय पत्र वितरण कार्यलाई निरन्तरता दिईनेछ ।

१२४. विपदमा परेका बालबालिकाको संरक्षण र शिक्षाको व्यवस्था गर्ने र आर्थिक अवस्था कमजोर भएका बालबालिकाका अभिभावकको ब्यबसायिक क्षमता विकास गरी आर्थिक मूलप्रवाहिकरण गरिनेछ ।

१२५. कुष्ठरोगी, HIV एड्सबाट संक्रमित भएका ब्यक्तिहरुलाई सीपमुलक तालीम मार्फत क्षमता अभिवृद्धि गर्दै सामाजिक दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याउन विभिन्न सचेतनाका कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१२६. पारिवारिक संरक्षणबाट वञ्चित बालबालिकाहरुको संरक्षण गर्ने क्षेत्रमा कार्यरत संघ-संस्थालाई प्रोत्साहन गरिनेछ । साथै, बालश्रम मुक्त नगर निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडी बढाईनेछ ।

**कला, भाषा, साहित्य, संस्कृति प्रवर्द्धन कार्यनीति**

१२७. नगर क्षेत्र भित्रका ऐतिहासिक, धार्मिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुको खोज, अन्वेषण, संरक्षण तथा विकासमा जोड दिने नीतिलाई निरन्तरता दिईनेछ । साथै, नगरको इतिहास, कला, साहित्य, भाषा, संस्कृति, मौलिक परम्परा जस्ता क्षेत्रमा खोज तथा अन्वेषण गर्ने कार्यमा प्रत्यक्ष योगदान पुर्याउने संघसंस्था, संचारकर्मी, प्रबुद्ध वर्गलाई नगरपालिकाले उचित सम्मान गर्ने नीति अबलम्बन गर्नेछ ।

१२८. नगरको विकास एवम् गौरव अभिवृद्धिको लागि योगदान पुर्याउने गर्ने व्यक्ति/संघसंस्थाहरुलाई नगर स्थापनाको दिन हरेक बर्षको असोज एक गते **धनगढी रत्नले** विभूषित गरिनेछ ।

१२९. बहुल संस्कृति एवम् सम्पदाहरुको संरक्षण, मौलिक संस्कृतिको जगेर्ना, सांस्कृतिक पर्यटन प्रवर्द्धन र सबै समुदायको धार्मिक, भाषिक संचार एवम् सांस्कृतिक मूल्य मान्यताको अभिबृद्धि गर्दै लगिने छ । थारु तथा रानाथारुमा प्रचलनमा रहेका गुरुवा, भलमन्सा, बडघर प्रथा, भुईया, देउथान लगायत संस्कृतिको उचित संरक्षण एवम् प्रवर्द्धन गरिनेछ ।

१३०. आ.व. २०७५/०७६ देखि शुरु भएको किशोर बम विकास पत्रकारिता पुरस्कारलाई निरन्तरता दिईनेछ । नेपाल पत्रकार महासंघ सहित संचारकर्मीको क्षमता अभिवृद्धिमा जोड दिईनेछ ।

**सामुदायिक विकास, खानेपानी तथा सरसफाई कार्यनीति:**

१३१. नगरपालिका क्षेत्रमा सामाजिक विकासका कार्यक्रम संचालन गर्ने राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह्र सरकारी संस्थाहरुलाई अनिवार्य रुपमा सूचिकृत गरी एकिकृत प्रणालीद्धारा कार्यक्रम संचालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ । त्यस्ता संस्थाका कार्यक्रम तथा बजेटलाई नगरपालिकाको वार्षिक कार्यक्रम भित्र समेटिने व्यवस्था मिलाइने छ । साथै, त्यस्ता संस्थाहरुका कार्यको नियमित अनुगमन तथा मूल्याङ्कन गरी कार्यक्रम प्रभावकारिताको सुनिश्चितता गरिनेछ ।

१३२. मानवता, सामाजिक न्याय, शान्ति तथा सद्भावको शहर निर्माण गर्न मानव विकासमा क्रियाशिल संघसंस्थाहरुलाई सहकार्य गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१३३. नगरको सरसफाई तथा सौन्दर्यता अभिवृद्धिको लागि उद्योग वाणीज्य संघ, होटेल व्यवसायी, विभिन्न बस्तुगत व्यवसायी संघसँगको सहकार्यमा 'एक पसल एक डस्टविन' राख्ने व्यवस्थालाई अनिवार्य गरिनेछ।

१३४. उपमहानगरभित्र खानेपानी वितरण प्रणालीलाई सुदृढ गरी नगरबासीलाई स्वच्छ खानेपानी उपलब्ध गराईनेछ।

१३५. फोहरलाई स्रोतमै वर्गीकरण गरी संकलन र अन्तिम व्यवस्थापन गरिनेछ। जैविक फोहरबाट घरमै कम्पोस्ट मल बनाउन प्रेरित गर्दै प्लास्टिकजन्य पदार्थको प्रयोगलाई निरुत्साहीत गरिनेछ। साथै, नगर भित्रको फोहर प्रशोधन केन्द्रका लागि क्षेत्रीय शहरी विकास आयोजनाको सहयोगमा उक्त प्रशोधन केन्द्रको निर्माण कार्यलाई अगाडी बढाईने छ।

१३६. फोहोरमैला व्यवस्थापनको क्षेत्रमा उल्लेख्य काम गर्ने व्यक्ति/संघ संस्थालाई नगरले उचित सम्मान गर्नेछ ।

१३७. सार्वजनिक निजि साझेदारीको माध्यमबाट मुख्य शहरी क्षेत्रभित्रका खाली जग्गाहरु लिजमा लिई त्यस्ता ठाउँमा हरियाली पार्किङ, क्याफे सहितको सार्वजनिक शौचालय निर्माण कार्यलाई जोड दिईनेछ। साथै, सरसफाई सबन्धि जनचेतनामूलक कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ।

## ग) शहरी विकास, भूउपयोग तथा पूर्वाधार विकास

**'हाम्रो धनगढी हामि बनाउछौं'** भन्ने महाअभियानका साथ सम्पूर्ण धनगढीबासीलाई समेट्दै धनगढीलाई भौतिक पूर्वाधारको हिसाबले दिगो, सुरक्षित, सहिष्णु, व्यवस्थित र समुन्नत नगरीका रुपमा विकास गर्ने नीति लिइनेछ।

### शहरी पूर्वाधार विकास तथा यातायात व्यवस्थापन कार्यनीति:

१३८. क्रमागत योजनालाई प्रथम प्राथमिकता राखी कार्यान्वयनमा लगिनेछ।

१३९. नगर क्षेत्र भित्रका सडक लगायतका पूर्वाधारहरुको नियमित रुपमा मर्मत-सम्भार तथा स्तरोन्नतिका लागि **मर्मत सम्भार इकाई**को गठन गरि पूर्वाधार एम्बुलेन्स संचालन गरिनेछ।

१४०. धनगढी उपमहानगरपालिकाको दक्षिण गेट सँगैको भवन भत्काई नगर विकास कोषको ऋण सहयोगमा सुविधा सम्पन्न बहुउद्देश्यीय कम्पेक्स निर्माण गरिनेछ। **'आपतकालीन सेवा संचालन केन्द्र'** व्यवस्थानको वडा नं. १ मा नगर विकासले उपलब्ध गराएको जग्गामा आवश्यक पूर्वाधार निर्माण गरिनेछ।

१४१. शहरी सडक निर्माण गर्दा पक्कि नाली निर्माणलाई प्रथम प्राथमिकतामा राखी फुटपाथ सहितको शहरी सडक निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१४२. नगर यातायात गुरुयोजना (Municipal Transport Master Plan-MTMP) बमोजिम प्राथमिकरण गरिएका सडकहरुको विस्तार एवम् स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिईनेछ। साथै, रणनीतिक सडकहरुलाई 'Traffic Load' अनुसार Design गरी सम्भाव्यता हेरी Cycle Track/Green Belt सहितको सडक निर्माण गरिनेछ।

१४३. ग्रामिण क्षेत्रको विकासलाई उत्पादनमूलक र स्थानीय अर्थतन्त्रसँग जोड्न सार्वजनिक निजी साझेदारीका आधारमा पूर्वाधार विकास आयोजनाहरु सञ्चालन गर्ने नीति लिईनेछ।

१४४. उप-महानगरपालिका क्षेत्रभित्रका प्रमुख चोकहरुमा आधुनिक सिग्नलाईज्ड प्रणालीमा आधारित ट्राफिक लाईटहरु जडान गरी ट्राफिक व्यवस्थापनलाई थप सहज र व्यवस्थित बनाईनेछ।

१४५. कालोपत्रे सडक निर्माण कार्यलाई उपभोक्ता समितिबाट कार्यान्वयन गर्न नपाउने व्यस्था गरिनेछ। साथै, मेसिनरी ठूला औजार प्रयोग नहुने र लाभान्वित समूहको रोजगारी अभिवृद्धि हुने विकास निर्माणका आयोजनाहरु मात्र उपभोक्ता समितिबाट कार्यान्वयन गरिनेछ। यसरी उपभोक्ता समितिबाट संचालन गरिएका योजनाहरुमा जनसहभागिताको अनुपात ग्राभेल/माटो फिलिंग जस्ता कार्यमा कम्तिमा ७०:३० रहने , तटबन्धन, ब्लकमा ८०:२० र सिंचाई बोरिंग, नल्का गाड्ने, इट्टा वा ढुंगाबाट भवन/पर्खाल निर्माणमा जनसहभागिताको लागत साझेदारीको अनुपात न्यूनतम ९०:१० रहने गरी योजना निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ। साथै, कार्यक्रममा नपरेका योजनाहरुको लागि लागत साझेदारी कोषको व्यवस्था गरी उपभोक्ताको माग बमोजिम ६०:४० नगद लागत सहभागिताको आधारमा पूर्वाधार तर्फका योजना कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ।

१४६. शहरी यातायात ब्यवस्थापन, हरियाली प्रबर्द्धन तथा खोलानाला लगायतका नदी किनारहरुमा तटबन्ध र सडक निर्माण (कोरिडर विकास) कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

१४७. उप-महानगरपालिकाको धनगढी-फुलबारी सहित अन्य क्षेत्रमा नगर बस सेवा संचालन गर्नका लागि निजी क्षेत्रसँग सहकार्य गरी विधुतीय बस सेवा संचालनका लागि सम्भाब्यता अध्ययन गरिने छ।

१४८. अपांगमैत्री, बालमैत्री भवन निर्माण र Child Care Center बनाउन आवश्यक पहल गरिनुका साथै शिशु स्तनपान कक्ष सहितको भवन निर्माण गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

१४९. १० लाख सम्मका वडास्तरीय योजनाहरुको सम्झौता, कार्यान्वयन, अनुगमन तथा मुल्यांकन र भुक्तानीका लागि सिफारिस गर्ने व्यवस्था वडा कार्यालयबाटै मिलाईनेछ।

१५०. भौतिक पूर्वाधार अपुग भएका विद्यालयहरुमा विद्यालय भवन, शौचालय, खेलकुद मैदान लगायत पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिईनेछ।

१५१. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत अधुरा रहेका विद्यालयहरुको भवन निर्माण कार्य सम्पन्न गर्न आवश्यक थप रकम व्यवस्था गरी भवन निर्माण कार्य सम्पन्न गरिनेछ।

१५२. धनगढी ९ स्थित सवदाहस्थल क्षेत्रलाई श्रद्धान्जली पार्क (स्मृति वन) को रुपमा विकास गरिनेछ। साथै, शवदाहस्थलको संरक्षणको लागि सवदाहस्थल व्यवस्थापन समिति गठन गरी संचालनमा ल्याईनेछ।

१५३. LN चोकको Traffic Volume लाई व्यवस्थापन गर्न Main Road बाट त्रिनगर स्कुल र लक्ष्मी नारायण मन्दिर बीच ट्र्याक खोलि पक्कि सडक निर्माण गरिनेछ।

१५४. उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका अटोरिक्साहरुलाई व्यवस्थापन गरिनेछ।

१५५. नगरको स्वच्छता र उपमहानगरवासीको जनस्वास्थ्यलाई ध्यानमा राखी बिद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहित गरिनेछ।

१५६. नगर गौरवको आयोजनाका रुपमा रहेको फाप्ला क्रिकेट स्टेडियम निर्माण गर्न आवश्यक सहयोग तथा नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय गरिनेछ। धनगढीलाई क्रिकेटको शहरका रुपमा विकास गरिनेछ।

१५७.	धनगढी उप-महानगरपालिकामा निर्माण हुने योजनाहरुको गुणस्तर चेकजाँच गर्नका लागि **"Engineering Lab"** लाई व्यवस्थित गरी कामको गुणस्तर कायम गरिनेछ।

१५८.	रात्रिकालीन शहरी सौन्दर्य अभिवृद्धि गर्न नगरभित्रका मुख्य मुख्य सडकहरुमा आधुनिक सडकबत्ति जडान गर्न नेपाल बिद्धुत प्राधिकरणसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

**बस्ती विकास, भू-उपयोग तथा भवन मापदण्ड कार्यनीति:**

१५९.	योजनाबद्ध बस्ती विकास कार्यक्रमलाई कार्यान्वयनमा ल्याईनेछ। साथै, विद्युत, ग्राबेल, खानेपानी जस्ता आधारभूत सेवा पुगेको बस्तिहरुलाई प्राथमिकता दिई थप विकास निर्माणका कार्यहरु संचालन गरिनेछ ।

१६०.	घर/भवनको नक्सा  पास गर्दा साइट प्लानमा उल्लेख भएको सडक अधिकार क्षेत्र (Right of Way) अनुसार बाउन्ड्री वाल सहितको नक्सा तथा ठुला व्यवसायिक भवनहरुमा अन्डरग्राउण्ड पार्किंग सहितको नक्सा पास गर्ने व्यवस्थालाई अनिवार्य गरिनेछ।

१६१.	विद्युतीय नक्सा पास प्रक्रिया (Electronic Building Permit System) लाई परिमार्जन गरी नक्सा पास गर्ने कायलाई निरन्तरता दिईनेछ। साथै, नक्शा पास गर्दा नेपाल सरकारद्वारा जारी गरिएको **भवन निर्माण संहिता-२०७७ (Revised Building Code -2077)** कार्यान्वयन गरिनेछ। कम्तिमा २ वटा बोट रोपेपछी मात्र दोस्रो चरणको अनुमति उपलब्ध गरईनेछ।

१६२.	भुमिहिन दलित, सुकुम्वासी र अब्यबस्थित बसोवासको लगत संकलन भएका जग्गाको नाप नक्सा तथा प्रमाणीकरण गराई जग्गा धनी प्रमाण पुर्जा दिने कार्यलाई निरन्तरता दिईनेछ।

१६३.	एकिकृत भू-उपयोग नीति तयार गरी प्रत्येक वडामा "**भू-सेवा केन्द्र स्थापना**" गर्ने कार्यको थालनी गरिने छ।

१६४.	जग्गा विकास कार्यक्रम (Land Pooling System) संचालनका लागि क्षेत्रीय शहरी विकास आयोजना (RUDP) कार्यक्रमसँग समन्वय गरी कार्यान्वयन गर्ने कार्यलाई प्राथमिकता दिईनेछ।

१६५.	धनगढी उप-महानगरपालिकामा भवन/घर नक्शा पास गर्न आउने घरधनीहरुका लागि MRT अन्तर्गतका भवन/घर को नमुना नक्शा (Drawing) तयार गरि 3D सहितको नक्शा सर्वशुलभ रुपमा उपलब्ध गराउने कार्यको सुरुवात गरिनेछ।

१६६.	प्रत्येक वडा को  "Local Area Plan" तयार गरी वडागत गुरुयोजना तयार गर्दै लगिनेछ।

१६७.	भूमिको संरक्षण र संवर्द्धनका लागि भूमि खण्डीकरणमा रोक लगाउँदै कृषियोग्य जमिनको संरक्षण गरिने छ।

१६८.	भूकम्प प्रतिरोधात्मक भवन निर्माण सम्बन्धि घरधनीहरुका लागि अभिमुखीकरण, डकर्मी तालिम, विकास निर्माण कार्यसँग आबद्ध संघ-संस्थाहरुसँग अन्तरक्रिया लगायत पुनर्ताजकी कार्यक्रम संचालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ। साथै, भुक्तानी प्रकिया तथा योजनाको गुणस्तर अभिबृद्धि गर्न उपभोक्ता समितिका पदाधिकारीलाई अभिमुखीकरण तालिमलाई निरन्तरता दिईनेछ।

**सूचना तथा सञ्चार प्रविधि विकास कार्यनीति:**

१६९. सूचना सञ्चार र प्रविधिमा सबै नगरवासीहरुको पहुँच अभिवृद्धि गर्दै "Network Connectivity" लाई थप व्यवस्थित गरिने छ । नगरपालिका अन्तर्गतका संस्थागत निर्णय र कागजातहरु व्यवस्थित गर्नका लागि Electronic Document Management System प्रणाली विकासका लागि पहल गरिनेछ ।

१७०. सुरक्षा निकायसँगको समन्वय र सहकार्यमा नगरका मुख्य क्षेत्रहरुमा CCTV जडान गरिनेछ । साथै, धनगढी उप-महानगरपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण स्वास्थ्य संस्था, रेडक्रस, ब्लड बैंक, विद्यालय जस्ता सार्वजनिक संस्थानहरुको Geo-Tagging गरी App मार्फत जानकारी लिन सकिने व्यवस्था गरिनेछ ।

१७१. कर तथा राजस्व संकलन प्रक्रियालाई थप प्रभावकारी बनाउन नेपाल क्लियारिंग हाउसको ConnectIPS , विभिन्न बैंक तथा वित्तीय संस्थाहरु र मोबाइल वालेट सेवा प्रदायकहरुसँग समन्वय गरी QR Code द्वारा भुक्तानी हुने व्यवस्था गरिनेछ ।

१७२. धनगढी उप-महानगरपालिका क्षेत्र भित्र **E-Library** स्थापना गरिने छ । साथै, सार्वजनिक निजी साझेदारी (PPP) को अवधारणा बमोजिम अध्ययन, अनुसन्धान र परामर्श केन्द्र (Incubation Center) स्थापना गर्न पहल गरिनेछ ।

१७३. धनगढी उपमहानगरपालिकाको सम्पूर्ण वडाहरुमा अवस्थित सरकारी विद्यालय, पर्यटकिय तथा धार्मिक स्थलहरुको श्रोत नक्साङ्कन GIS Mapping कार्यलाई अद्यावधिक गर्ने व्यवस्था मिलाईने छ ।

१७४. कार्यालयका सबै सूचना, तथ्यांक र प्रगति व्यवस्थापन गर्न 'Integrated Information and Statistics Management System' को सुरुवात गरिनेछ । साथै, हाल संचालनमा रहेको पूर्वाधार व्यवस्थापन प्रणाली Infrastructure Management System-IMS लाई **Integrated Municipal Management System - IMMS** को रुपमा विकास गरिनेछ छ ।

१७५. धनगढी उप-महानगरपालिकाको बस्तुस्थिति झल्किने गरि नगर पाश्र्वचित्र (Municipal Digital Profile) लाई जीवन्त बनाउन वडास्तरवाट नै अद्यावधिक गर्ने व्यवस्था मिलाईने छ ।

१७६. Matrix प्रणालीमा आधारित GIS Based House Numbering गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

१७७. नगरका अत्यावश्यक सवारी साधनहरु एम्बुलेन्स, अग्नि नियन्त्रक बाहन, शव वाहन लगायतमा GPS जडान गरी Centralized GPS Monitoring System प्रणाली लागु गरिनेछ ।

१७८. विभिन्न पर्यटकीय -धार्मिक स्थल तथा आवश्यकता अनुसार नगरपालिकाका विभिन्न सार्वजनिक स्थलहरुमा फ्री वाईफाई जोन बनाउन विभिन्न इन्टरनेट सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरिनेछ ।

**घ) वन, वातावरण तथा विपद् व्यवस्थापन:**

सार्वजनिक निजी साझेदारीका आधारमा नगरलाई **स्वच्छ, स्वस्थ र हरित नगरका** रुपमा स्थापित गर्दै सामुदायिक, निजी वन विकास एवम् संरक्षण नीति लिईनेछ । साथै, नगरका सबै प्रकारका विकास प्रयासहरुलाई वातावरण मैत्री एवम् विपत उत्थानशील बनाईनेछ ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन कार्यनीतिहरु:**

१७९. नगरको वातावरण स्वच्छताका लागि वृक्षारोपण रोपन कार्य सञ्चालन गरिनेछ ।

१८०. विकास निर्माणका कार्यहरुलाई वातावरण र विपद व्यवस्थापन सम्बोधन हुने गरी अगाडी बढाइनेछ।

१८१. प्लाष्टिक न्यूनिकरणका लागि बैकल्पिक व्यवस्थाको अध्ययन गरी नयाँ प्रयोग कार्यान्वयनमा ल्याउने नीति लिइनेछ।

१८२. धनगढी उप-महानगरपालिका भित्र आपतकालीन कार्यसञ्चालन केन्द्र (Emergency Operation Center) र वारूण यन्त्रलाई सुदृढिकरण गर्दै लगिनेछ।

१८३. सबै वडाहरुमा अनिवार्य रुपमा विपद व्यवस्थापन कोषको स्थापना गरिनेछ।

१८४. जलवायु परिवर्तन र विपदबाट हुने प्रभाव न्यूनिकरणका लागि सचेतना कार्यक्रम संचालन गरिनेछ।

१८५. खोला, खोल्सी तथा नदि क्षेत्रको कटान र डुवान रोकथामका लागि राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति सँग समन्वय गरी कार्यक्रम अघी बढाइनेछ।

१८६. यस नगर क्षेत्रभित्र LP ग्यासको प्रयोगलाई निरुत्साहित गर्न बिधुत चुलो र बायो ग्यास प्रवर्द्धनका लागि अनुदानको व्यवस्था मिलाइने छ। साथै, LP ग्यास प्रयोग गर्ने घरहरूमा त्यसबाट हुन सक्ने सम्भावित आगलागी नियन्त्रणको तालिम दिइनेछ।

१८७. सूर्तिजन्य पदार्थ, गुट्का र प्लास्टिकजन्य खोल भएका मालबस्तु उत्पादन गर्ने कम्पनिहरुलाई अनिवार्य रुपमा सामाजिक उत्तरदायित्व बहन गर्न लगाईनेछ ।

१८८. फोहरमैला व्यवस्थापन केन्द्र र दिशाजन्य लेदो प्रशोधन केन्द्रसँग प्रत्यक्ष प्रभावित जनताहरुलाई आर्थिक, सामाजिक दृष्टिले उपयुक्त हुने कार्यक्रम संचालन गर्ने गरिनेछ।

१८९. मानवीय र प्राकृतिक विपत्तीका कारण हुनसक्ने आकस्मिक घटनालाई सम्बोधन गर्न आवश्यक आकस्मिक प्रतिकार्य टोली (RRT) तयार गरी निजहरुको क्षमता विकास र विस्तार गरिनेछ। साथै, विपद जन्य घटना (आगलागि, कटान र डुवान) का क्षेत्रहरु पहिचान र नक्सांकन साथै स्वयंसेवकहरु तयार गरि क्षमता विकास र विस्तार गर्ने नीति लिइनेछ।

१९०. सडकको सुन्दरता विकास गर्न सौर्य उर्जाको प्रयोगलाई बढावा दिईनेछ।

१९१. वन, वातावरण र विपदको क्षेत्रमा सामाजिक उत्तरदायित्व (CSR) वहन गराउन विभिन्न सरोकारवाला सँग नियमित वैठक आयोजना गरी कार्यक्रम अगाडी बढाइने छ।

१९२. विभिन्न विद्यालयहरुमा ट्राफिक सचेतिकरण लगायतका विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनका कार्यक्रमहरु संचालन गरिनेछ।

१९३. **"एक वडा एक हरित उद्यान"** को कार्यक्रम लागु गरिनेछ।

१९४. नेपाल विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) ले तोकेको मापदण्ड अनुसार सबै वडाहरूमा न्यूनतम आवश्यक खोज तथा उद्धार सामाग्रीको व्यवस्थापन गरिनेछ।

१९५. विपद् पुर्व तयारीका लागि सूचनामुलक सन्देश तयार गरी सूचना तथा संचारका माध्यमहरुबाट सम्प्रेषण गरिने छ।

१९६. विपद् प्रभावित जनतालाई एकरूपताका साथ राहत व्यवस्थापनका लागि राहत मापदण्ड बनाई सोहि बमोजिम राहत व्यवस्थापन गरिनेछ।

१९७. धनगढी ४ मा रहेको शिवपुरी सामुदायिक वनक्षेत्र भित्र रहेको घाईते, टुहुरा वन्यजन्तु उपचार तथा पुनर्स्थापना केन्द्रलाई स्तोरन्नती गरीनेछ।

१९८. भौगोलिक रुपमा जोडिएका वडाहरुलाई कलस्टरमा वर्गीकरण गरी सार्वजनिक निजी साझेदारीको आधारमा बहुउद्देश्यीय परियोजना मार्फत गौसाला व्यवस्थापन गरिनेछ।

१९९. मोहना खुटीया र घुरही नदीको तटीय क्षेत्रमा कटान रोकथाममा सहयोग गर्न बास,बेत र अम्रिसो जस्ता झाडीदार बिरुवा रोप्ने कार्यलाई प्राथमिकता दिईनेछ।

२००. धनगढी नगरलाई प्लाष्टिक झोलामुक्त शहरको रुपमा विकास गर्न कपडाको झोला, कागजको कप/झोला, दुनाटपरी तयार गरी बिक्रिवितरण गर्न प्रोत्साहन गरिनेछ। साथै, यस्ता उद्योगलाई प्रवर्द्धन गर्न अनुदानको व्यवस्था गरिनेछ।

**ङ) संस्थागत सुशासन तथा जनशक्ति विकास तर्फ**

नगरपालिकाले प्रवाह गर्ने सार्वजनिक सेवालाई पारदर्शी, जवाफदेही, दिगो र परिणाममुखी बनाउदै नगरबासीलाई सूचना, सेवा र अवसरमा विभेदरहित पँहुच अभिवृद्धि  गर्न अधिकतम रुपमा विद्युतीय सूचना प्रणाली (E-Governance) को नीति अबलम्बन गरिनेछ। साथै, जनप्रतिनिधि र कर्मचारीहरुको प्रभावकारी कार्यसम्पादनका लागि आवश्यक विषयगत र क्षेत्रगत क्षमताको विश्लेषणमार्फत संस्थागत सुशासन कायम गर्ने नीति लिईने छ।

**संस्थागत क्षमता अभिवृद्धि तथा मानव संसाधन विकास कार्यनीति:**

२०१. नगरपालिकाको संगठन संरचनालाई आवश्यकता बमोजिम पुनरावलोकन गरी सबै तहका कर्मचारीहरुको कार्यविवरण (Job Description) बनाई लागु गरिनेछ। कार्यसम्पादन कुशलतामा आधारित पुरस्कार र दण्डको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै कार्यसम्पादन स्तर, कार्यदक्षता र योग्यतालाई आधार लिई सरुवा र वढुवा गर्ने नीति लिईनेछ।

२०२. धनगढी उपमहानगरपालिकाको गुनासो सुनुवाई पद्दतिलाई प्रभावकारी बनाउँदै सुशासन प्रवर्द्धन गर्न 'Hotline' र 'नमस्ते मेयर' नामक App बनाउदै गुनासो सुनुवाई कक्ष स्थापना गरी संचालनमा ल्याईनेछ।

२०३. नगर प्रहरीलाई नगरका विकास निर्माण, बजार अनुगमन, अतिक्रमण नियन्त्रण, राजश्व संकलन, विपद, उद्दार तथा राहत वितरण लगायतका कार्यहरुमा परिचालन गरिनेछ।

२०४. उपमहानगरपालिकाको संस्थागत स्व-मुल्यांकनका आधारमा राम्रा अभ्यासलाई निरन्तरता दिदै निर्वाचित जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न विभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ। साथै, प्रशासनिक कार्यको अनुभव आदान-प्रदान गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको अवलोकन भ्रमणको व्यवस्था गरिने छ।

२०५. विशेष प्रकारको कामको लागि कर्मचारी भर्ना गर्दा "Management Contract/Out Sourcing) को माध्यमबाट भर्ना गर्ने नीति लिईनेछ।

२०६. नगरको संस्थागत सुशासन र मानव संसाधन विकासका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाहरुसँग सहकार्य गर्ने नीतिलाई निरन्तरा दिईनेछ। सेवा प्रवाहमा थप सहजता गर्न नगरकार्यपालिकाको कार्यालय देखि प्रत्येक वडा कार्यालयहरुमा सहायता कक्ष स्थापना गरि संचालनमा ल्याईनेछ।

२०७. कर्मचारीको क्षमता विकास, अनुशासन, वृत्ति विकासमा जोड दिई कर्मचारी प्रशासनलाई जवाफदेही, प्रतिस्पर्धी र उत्प्रेरित बनाउँदै समयसापेक्ष जनशक्ति तयार गरिनेछ।

२०८. लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग तथा प्रभावकारी सेवा प्रवाहका लागि आवश्यकता अनुसार अन्य गाउँपालिका तथा नगरपालिकाहरुसँग लागत साझेदारी, सम्झौता तथा संयुक्त व्यवस्थापन कार्यहरु निरन्तरता दिईनेछ।

२०९. उप-महानगरपालिकाको सेवा प्रवाहमा गुणात्मक तथा परिमाणात्मक सुधारका लागि सवै विषयगत शाखा/महाशाखालाई साधन स्रोतयुक्त बनाउँदै लगिने छ। साथै, संस्थागत स्मरण (Intuitional Memory) लाई थप बलियो पार्दै लगिने छ।

२१०. जनप्रतिनिधि तथा कर्मचारीहरुको कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणालीलाई थप वस्तुगत र वैज्ञानिक बनाई लागु गरिनेछ। साथै, आन्तरिक पर्यटन प्रवर्द्धनका लागि संघिय सरकारको नीति र व्यवस्था बमोजिम एकरुपता हुनेगरी उप-महानगरपालिकाका कर्मचारीहरुलाई सोही अनुसारको सेवासुविधा प्रदान गरिने छ।

२११. उप-महानगरपालिकाको समग्र प्रशासन सुधार तथा गतिशील प्रशासन संयन्त्र विकासका लागि नेपाल सरकारले जारी गरेका प्रशासन सुधार सम्बन्धी विभिन्न सुझावहरु लगायत विश्व परिवेशमा विकसित नवीन प्रशासकीय आयामहरुलाई स्थानीयस्तरमा आन्तरिकरण गरी स्वच्छ, सबल र पारदर्शी जनप्रशासन विकासको नीति अवलम्बन गरिनेछ।

२१२. सदाचार नीतिलाई प्रर्वद्धन गरिनेछ। भ्रष्टाचारमा शून्य सहनशिलताको नीति अवलम्बन गरिने छ।

२१३. उप-महानगरका प्रत्येक वडाबाट भएको विकास निर्माण, सेवा प्रवाह, राजस्व संकलन समेतका आधारमा उत्कृष्ट वडालाई अर्को वर्षको बजेट सिलिंगमा २० प्रतिशत पूँजीगत बजेट थप गर्ने व्यस्था गरिनेछ।

**सुशासन, कानूनी मामिला तथा स्थानीय न्यायीक निरुपण कार्यनीति:**

२१४. प्रत्येक महिनाको अन्त्यमा पत्रकार भेटघाट कार्यक्रम एवम् चौमासिक रुपमा सार्वजनिक सुनुवाई गर्ने कार्यको सुरुवात गरिनेछ। साथै, सेवा प्रवाहलाई चुस्त, दुरुस्त र गुणस्तरीय बनाउन सुशासनका सबै औजारहरुको प्रयोग गरिनेछ।

२१५. न्यायमा सहज पहूँच अभिवृद्धिका लागि न्यायीक समितिको क्षमता विकास गर्दै नगरबासीको न्यायमा सहज पहुँच स्थापित गर्न कानूनी मामला सम्बन्धि ज्ञान एवम् सचेतना अभिवृद्धिका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ। साथै, '**मेलमिलाप केन्द्र**' स्थापना गरी थप व्यवस्थित गरिनेछ।

२१६. **'न्याय सम्पादन ढिलो हुनु, न्याय नपाउनु सरह हो'** भन्ने न्यायको सारवान मूल्यलाई अंगिकार गर्दै धनगढी उपमहानगरपालिकाको न्यायिक समितिबाट छिटो, छरितो र पारदर्शि रुपमा न्याय सम्पादन गर्ने कार्यलाई निरन्तरता दिइने छ।

२१७. धनगढी उपमहानगरपालिको न्याय निरुपण प्रणालीलाई स्वतन्त्र, पारदर्शि, पहुँच योग्य, सक्षम एवम् विश्वसनिय बनाइनेछ। साथै, धनगढी उपमहानगरपालिकाबाट हुने न्यायिक कामकाजलाई प्रविधिसँग आवद्ध गरी व्यवस्थित गर्दै लगिनेछ।

२१८. थारु, आदिवासी, एकल महिला, हिंसामा परेका महिला, अपांग, दलित, सिमान्तकृत समुदाय तथा वन्चितिकरणमा परेको वर्गलाई न्यायमा पहूँच अभिवृद्धि गर्न विभिन्न कार्यक्रमहरु संचालनमा ल्याईनेछ।

२१९. किसोर किसोरीलाई कानूनी प्रकिया सम्बन्धि अभिमुखीकरण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

**राजस्व परिचालन कार्यनीति:**

२२०. राजश्व संकलन प्रक्रियालाई घर नम्बरिंग (House Numbering) प्रणालीसँग आवद्धता गर्ने प्रक्रिया थालनी गरिनेछ ।

२२१. शहरको सौन्दर्य र सूरक्षामा आँच आउने गरी विज्ञापन सामाग्रीहरु राख्ने कार्यलाई पूर्णतः निषेध गर्ने गरिनेछ । विज्ञापन व्यवसायलाई व्यवस्थित गर्न मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ ।

२२२. वित्तिय प्रशासन सुधारका लागि व्यावसायिक, दक्ष र सुदृढ राजश्व प्रशासन विकास गर्दै लगिनेछ । साथै, राजश्व परिचालनका दायरा परिमार्जन गर्न राजश्व सम्बन्धि एक अध्ययन कार्यदल गठन गरिनेछ । करका दायरा फराकिलो गरी न्युनतम करको दरबाट अधिकतम राजश्व संकलन गर्ने नीति लिईनेछ ।

२२३. कर तथा गैरकर राजस्व अनुगमन कार्यलाई कडाइका साथ लागु गर्न अनुगमन टोलि गठन गरी परिचालन गरिनेछ ।

२२४. सम्पति कर, मालपोत कर तथा भूमिकरलाई समय सापेक्ष बनाउदै वडास्तरवाटै राजश्व संकलन कार्यलाई निरन्तरता दिईनेछ । साथै, आम करदाताले सहज , छिटो र गुणस्तरिय सेवाका लागि अनलाई भुक्तानी प्रणाली **(Online Payment System)** थप प्रभावकारी बनाउँदै लगिनेछ । नगरभित्र सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गरिनेछ ।

२२५. आन्तरिक श्रोतसाधनको प्रभावकारी परिचालन गर्न प्रगतिशील कर प्रणालीको विकास, सक्षम कर प्रशासनको निर्माण, करका दायरा बिस्तार, करको दर पुनरावलोकन, करको क्षेत्र विस्तार र राजश्व चुहावट नियन्त्रणलाई प्रभावकारी बनाइनेछ ।

२२६. नगरक्षेत्र भित्र पर्ने नदी तथा सार्वजनिक स्थलबाट बालुवा, ग्राभेल, माटो र ढुंगा उठाउने कार्यलाई लाई दिगो वातावरण मैत्री बनाउदै राजश्व परिचालनको प्रमुख आधारको रुपमा विकास गरिने छ ।

२२७. नगपालिकाको चालु खर्चलाई मितव्ययि बनाउँदै नगरको आन्तरिक श्रोतले चालु खर्च धान्ने नीति अबलम्बन गरिनेछ । साथै, पूँजीगत बजेटको भार अभिवृद्धि गर्दै लगिनेछ ।

२२८. आगामी आर्थिक वर्षमा पेश्की/ बेरुजुलाई न्यूनीकरण गर्दै लगिनेछ ।

२२९. आर्थिक प्रशासन शाखाबाट प्रवाह हुने सेवालाई छिटो, छरितो, पारदर्शी बनाउन Electronic Fund Transfer (EFT) कार्यक्रमलाई लागु गरिनेछ । साथै, वित्तीय प्रगति प्रतिवेदनलाई सूचना प्रविधिसँग आवद्द गरी खर्च प्रक्रियालाई पारदर्शी बनाउदै लगिनेछ ।

२३०. आम करदाता र कर प्रशासन दुबै पक्षको ईमान्दारिता, पारदर्शिता, स्वच्छता र सदाचारिता कायम गर्दै कर कानुनको पालना गर्न करदाता साक्षरता अभियान सञ्चालन गरिनेछ । साथै, नगरको आर्थिक हित तथा समुन्नती अभिवृद्धिका लागि रोजगारमुलक उद्योगमा कर छुटको नीतिलाई निरन्तरता दिईनेछ ।

२३१. राजश्व सुधार कार्ययोजनालाई कार्यन्वयन गर्दै राजश्व संकलन लाई थप प्रभावकारी बनाईदै लगिनेछ । अनुदानमा आधारित बजेटको श्रोतलाई राजश्व वृद्धि बढोत्तरीले क्रमसः प्रतिस्थापन गर्दै लगिनेछ ।

२३२. घर दैलोबाट कर उठाउन राजश्व परिचालन कार्यदल गठन गरिनेछ । कार्यदललाई उत्प्रेरणात्मक व्यवस्था कायम गर्न थप प्रोत्साहनको व्यवस्था समेत कायम गरिने छ ।

२३३. उपभोक्ता समिति, संघ संस्थालाई पेश्की दिने कार्यलाई पूर्णरुपमा निरुत्साहित गरिने कार्यलाई यस आ.व. मा पनि निरन्तता दिइनेछ।

**आ.ले.प. आन्तरिक व्यवस्थापन, खरिद तथा उपभोक्ता हित संरक्षण कार्यनीति:**

२३४. उपभोक्ता हित संरक्षण र प्रवर्द्धनको लागि उपभोक्ता र विभिन्न पेशागत व्यवसायीहरुलाई उपभोक्ता हित सम्बन्धी ऐन,कानूनका विषयमा जानकारी तथा चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। खाद्य प्रविधि तथा गुणनियन्त्रण विषयका विशेषज्ञ सहित महिनाको एक पटक बजार अनुगमन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

२३५. आन्तरिक व्यवस्थापन तथा सार्वजनिक खरिद कार्यलाई पारदर्शी, मितव्ययी र प्रतिस्पर्धात्मक बनाउदै लगिनेछ। साथै, PAM (Public Assets Managemant) सफ्टवेयरलाई सबै वडा कार्यालयहरुमा प्रभावकारी तवरले लागु गरी पुराना जिन्सी मालसामानहरुको उचित व्यवस्थापन गरिनेछ।

२३६. वडा कार्यालयको जिन्सी अभिलेखीकरण थप व्यवस्थित गर्दै लगिनेछ। साथै, नगरपालिकाले खरिद गर्ने सम्पूर्ण जिन्सी सामानहरुको विवरण सार्वजनिक गरिनेछ।

२३७. वार्षिक खरिद योजना बमोजिम बोलपत्र कारबाही तोकिएको समयावधिमा सम्पन्न गर्न लागत अनुमान तथा कार्यक्रम समयमै स्वीकृत गर्ने कार्य कडाईका साथ लागु गरिनेछ। साथै, खरिद कार्यमा संलग्न जनशक्तिको क्षमता र उत्प्रेरणा अभिवृद्धि गर्दै लगिनेछ।

२३८. पुँजीगत शिर्षक तर्फको बजेटको पूर्व आ.ले.प. गर्ने कार्यलाई निरन्तरा दिईनेछ। त्रैमासिक रुपमा आन्तरिक लेखा परिक्षण गरी प्रतिवेदन पेश गरिने छ। साथै, लेखा परीक्षणका विद्यमान प्रावधानका बारेमा सरोकारवालाहरुलाई अनुशिक्षण दिइने कार्यलाई निरन्तरता दिईनेछ।

**अन्त्यमा ,**

"हाम्रो धनगढी हामि बनाउछौं" अभियानमा यहाँहरु सबैको साथ, सहयोग र समर्थन रहनेछ भन्ने विश्वास लिएको छु। हामि निर्वाचित भएको छोटो अवधिमात्र भएको हुँदा सबै कुरा यो नीति तथा कार्यक्रमले सम्बोधन गर्न नसकेको हुनसक्छ। तथापि, यस नगरको समृद्धितर्फको भविस्य र जनताको विकास प्रतिको आकांक्षालाई यो सम्मानित सभाले आगामी दिनमा थप समुन्नत गर्दै जानेछ भन्नेमा म विश्वस्त छु र त्यसको लागि हाम्रो कार्यगत एकता र प्रयासहरु अविचलित रहनेछन् भन्ने आशा लिएको छु। पुनश्च: नगरबासीले हामिप्रति विश्वास गरेर दिएको मतको उच्च दायित्वबोध गर्दै यस अवसरलाई सदुपयोग गर्न नगरसभाको यो सम्पूर्ण टिम सफल हुनेछ भन्ने विश्वास राखेको छु। साथै, रणनीतिक योजनाको कार्यान्वयनका लागि हाम्रो आफ्नै आन्तरिक स्रोत पर्याप्त नहुने हुँदा सङ्घीय सरकार, प्रदेश सरकार, विकास साझेदार निकायहरुसँगको सहकार्य र समन्वय अपरिहार्य हुन्छ भन्ने मैले राम्ररी बुझेको छु। त्यसैले, हामीले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रमहरु कार्यान्वयनमा सहयोग पुर्याउन नेपाल सरकार, प्रदेश सरकार, राजनीतिक दल, सम्पूर्ण वुद्धिजीवी एवम प्रबुद्ध वर्गहरु, आम नगरबासी, मतदाता, निजी क्षेत्र, अन्तर्राष्ट्रिय दातृ समुदाय, उपमहानगर कर्मचारी, संचार जगत, नागरिक समाज लगायत स्रोत परिचालन, कानूनी सहायता, प्राविधिक तथा परामर्श क्षेत्रमा क्रियाशील संघसंस्थाहरुलाई साझेदारी र सहकार्यका लागि हार्दिक अनुरोध र अपिल समेत गर्दछु।

धन्यवाद !

गोपाल हमाल

असार ७ मंगलबार, २०७९

**नगर उपप्रमुख श्री कन्दकला कुमारी रानाद्वारा धनगढी उप-महानगरपालिकाको**
**नगरसभाको आठौं अधिवेशनमा प्रस्तुत**
**आ.व. २०७९/०८० को बजेट**

**नगरसभाका अध्यक्ष महोदय,**
**नगर सभाका सदस्यज्यूहरु,**

१. सर्वप्रथम, धनगढी उप-महानगरपालिकाको नगरसभाको आठौं अधिवेशनमा हार्दिक स्वागत गर्दछु । स्थानीय तहको दोस्रो निर्वाचन (२०७९) पश्चात जनअनुमोदित यस सम्मानित नगरसभा समक्ष आगामी आ.व. २०७९/०८० को वार्षिक बजेट अनुमान गरी प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ ।

२. स्थानीय सरकार जनताको सन्निकट सरकार भएकोले यसका लक्ष्य, गन्तब्य तथा उद्धेश्यहरु पनि नागरिकको जनजीवन र जनजीविकासँग प्रत्यक्ष जोडिएका हुन्छन् । उपमहानगरपालिकाको समग्र सेवा प्रवाहलाई अझ प्रभावकारी, पारदर्शी, गुणस्तरीय र जवाफदेही बनाउँदै सुशासनयुक्त विकास प्रशासन मार्फत समुन्नति हासील गर्नु हामि सबैको साझा संकल्प हो र रहनेछ । यो चुनौती र अवसरलाई गम्भीरतापूर्वक लिदै आगामी आर्थिक वर्ष २०७९/०८० को बजेट हामीले निर्वाचनमा जनतासँग गरेका प्रतिवद्धता पुरा गर्ने र **'हाम्रो धनगढी हामी बनाउछौ'** भन्ने अभियानमा आम नगरबासीको साथ, समर्थन, एकता र सहायोग कायम राखिराख्ने महत्वपूर्ण औजारका रुपमा रहनुपर्छ भन्ने कुरामा म विशेष सचेत एवम् सतर्क छु ।

३. यस नगरको सुख, शान्ति, गौरव, गरिमा र समुन्नती हासिलका लागि हाम्रा प्रयास, प्राथमिकता र प्रतिवद्धताहरु के-कस्ता नीति तथा कार्यनीति मार्फत निर्देशित रहनेछन् भन्ने कुरा हामीले यस गरिमामय सदनको मिति २०७९ असार ७ गतेको हामी निर्वाचित पछिको नगरसभामा पहिलो अधिवेशनबाट स्वीकृत गरी कार्यक्रम तथा बजेट तर्जुमाका आधार र प्राथमिकताहरुलाई अनुमोदन गरिसकेका छौं । नीति तथा कार्यक्रममा अबलम्बन गर्ने भनिएका हाम्रा विकास प्रयासहरुलाई हासिल गर्ने प्रमुख औजारका रुपमा रहने कार्यक्रम/योजनागत बजेटलाई सही गन्तब्यतर्फ दिशानिर्देश गर्नुलाई मैले आफ्नो गहन जिम्मेवारी सम्झेकी छु ।

**नगरसभा अध्यक्षज्यू,**
**नगरसभाका सदस्यज्यूहरु,**

४. बजेट भनेकै कुनै निश्चित वर्ष वा अवधिका लागि लक्ष्य, गन्तब्य, प्राथमितकता, प्रतिवद्धता, नीति, कार्यनीति सहित वितिय स्रोतको सुनिश्चितता पनि हो । मैले यो बजेट तर्जुमा गर्दै गर्दा हाम्रो आय बमोजिम कुशल व्यय हुनेगरी यस नगरको समृद्धितर्फको भविस्य र जनताको विकास प्रतिको आकांक्षालाई सम्बोधन गर्न परिणाममुखी बजेट विनियोजन सिद्धान्तलाई आत्मसाथ गरेकी छु । नगर अर्थतन्त्रमा थप पूँजी निर्माण हुने खर्च र पूँजीगत प्राप्ति तर्फ लक्षित आर्थिक वर्ष २०७९/०८० को लागि स्वीकृत नीति तथा कार्यक्रमका आधारमा प्राथमिकता प्राप्त क्षेत्रमा वजेट विनियोजन हुने व्यवस्था मिलाएको छु ।

५. नगर कार्यपालिकाबाट स्वीकृत गरी पेश गरेको आ.व. २०७९/०८० को आय र व्ययको अनुमान स्वीकृतीको लागि यथार्थ बजेट रकम आय र व्ययको अनुमान गर्नुपूर्व गत आर्थिक वर्षको यर्थाथ आय र व्यय, चालु आर्थिक वर्षको संशोधित आय र व्यय प्रस्तुत गर्न सान्दर्भिक ठानी यस सम्मानित नगर सभा समक्ष पेश गरेको छु ।

६.	गत वर्ष (२०७७/०७८) को आय तर्फ आन्तरिक स्रोत बाट २० करोड ७१ हजार ६७, बाह्य आय (अन्तरसरकार वित्तीय हस्तान्तरण, राजश्व बाँडफाँड) बाट १ अर्ब ४१ करोड ८५ लाख ६ सय ९२ र सरी आएको मौज्दात ६ करोड ४० लाख ५० हजार ६८ गरी कुल १ अर्ब ६८ करोड ९७ लाख १७ हजार ७ सय आय भएको देखिन्छ। यसैगरी, व्ययतर्फ कुल १ अर्ब ५१ करोड ७ लाख ४० हजार ३ सय ११ मध्ये चालु तर्फ ८५ करोड ४ लाख ३० हजार १६, पुँजीगत तर्फ ६६ करोड ३ लाख १० हजार २ सय ९५ र सरी आएको मौज्दात १० करोड ४८ लाख ८९ हजार २ सय १३ रहेको देखिन्छ। र कुल खर्च हुन नसकेको बाँकी रकम शशर्त अनुदान मार्फत फिर्ता गएको देखिन्छ ।

**नगरसभा अध्यक्ष महोदय,**
**नगरसभाका सदस्यज्यूहरु,**

अब म चालु आ.व. (२०७८/०७९) को जेठ मसान्त सम्मको यथार्थ आय/व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**जेठ ३१ सम्मको यथार्थ आम्दानी र खर्चः**

आ.व. २०७८/०७९ को लागि प्रक्षेपित कुल आय **१ अरब ८२ करोड ८२ लाख ९२ हजार १ सय ३** मध्ये १ अरब ४४ करोड १६ लाख ५५ हजार ७ सय ६३ प्राप्ति भएको देखिन्छ। जसमध्ये, आन्तरिक स्रोत बाट १८ करोड ४९ लाख ३६ हजार २ सय ५२, बाह्य स्रोत (अन्तरसरकार वित्तीय हस्तान्तरण, राजश्व बाँडफाँड) बाट रु. १ अरब २५ करोड ६७ लाख १९ हजार ५ सय ११ रहेको छ।

त्यस्तैगरी, चालु आ.व. २०७८/०७९ को कूल खर्च (व्ययतर्फ) गत **जेठ ३१ सम्म** रु. १ अरब २ करोड ८६ लाख ४६ हजार ७ सय ९४ खर्च भएको देखिन्छ। जुन अनुमानित खर्चको ५३.३० प्रतिशत मात्र हुन जान्छ। त्यसैगरी, कुल खर्च मध्ये चालु खर्च रु. ६७ करोड १९ लाख ५८ हजार १ सय ९७ (६०.६%) र पूँजिगत खर्च रु.३५ करोड ६६ लाख ८८ हजार ५ सय ९६ (४३.४५%) भएको छ। चालु खर्चमा सामाजिक सुरक्षा कार्यक्रमको रु. ४१ करोड समावेश गरिएको छैन।

**नगरसभाका अध्यक्षज्यू,**
**नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

अब म आगामी आ.व.२०७९/०८० का लागि प्रस्तावित राजश्व र खर्च विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

७. यस नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० का लागि **कूल आय १ अरब ८३ करोड ८९ लाख २४ हजार** हुने अनुमान गरिएको छ भने कूल खर्च मध्ये चालु खर्च तर्फ रु. १ अरब ३ करोड १९ लाख ७० हजार रहेको छ भने पूँजीगत तर्फ ८० करोड ७० लाख ६२ हजार ३ सय ६८ मात्र रहेकोछ। कूल आय तथा व्ययको श्रोत र क्षेत्रगत विवरण निम्न अनुसार रहेको छ।

**आय तर्फः**

आन्तरिक आय:- रु. २६ करोड ८८ लाख ४६ हजार
राजश्व बाडफाड :- रु. ४७ करोड २९ लाख ३३ हजार
अन्तर सरकार वित्तीय हस्तान्तरण (सङ्घीय सरकार):- ९६ करोड ४८ लाख
अन्तर सरकार वित्तीय हस्तान्तरण (प्रदेश सरकार):- ३ करोड २३ लाख ४५ हजार
सरी आएको मौज्दात :- १० करोड
**कूल जम्मा आय:- १ अरब ८३ करोड ८९ लाख २४ हजार**

**व्यय तर्फः**

चालु खर्च तर्फ:- १ अरब ७ करोड २३ लाख ७ हजार ६०
पूँजीगत खर्च तर्फ:- पूँजीगत तर्फ ७६ करोड ६६ लाख १६ हजार ९ सय ४०
कुल खर्च:- **१ अरब ८३ करोड ८९ लाख २४ हजार**

८. उल्लिखित अनुमानित आय र व्ययको बजेट रकम बराबर हुने गरी विनियोजन गरेको छ । यसले गर्दा यस उप-महानगरपालिकाको आगामी आर्थिक वर्ष (२०७९/०८०) बजेट अनुमान सन्तुलित बजेटको सिद्धान्त अनुसार आ.व. २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रममा आधारित भएर बजेट तर्जुमा भएको व्यहोरा यस सम्मानित नगरसभालाई जानकारी गराएको छु ।

९. क्षेत्रगत कार्यक्रम तर्फ आर्थिक विकास तर्फ कुल बजेट मध्ये १४ करोड ४५ लाख ११ हजार विनियोजन गरेको छु, जुन कुल बजेटको ७.८६ प्रतिशत हो । यसैगरी, सामाजिक विकास तर्फ कुल बजेट मध्ये ७४ करोड ७८ लाख ३३ हजार विनियोजन गरेको छु, जुन कुल बजेटको ४०.६७ प्रतिशत हो । यसैगरी, पूर्वाधार विकास तर्फ कुल बजेट मध्ये ४१ करोड ४१ लाख २७ हजार विनियोजन गरेको छु, जुन कुल बजेटको २२.५२ प्रतिशत हो । यसैगरी, शुशासन तथा अन्तर सम्बन्धित क्षेत्र तर्फ कुल बजेट मध्ये ७ करोड ६३ लाख ४३ हजार विनियोजन गरेको छु, जुन कुल बजेटको ४.१५ प्रतिशत हो । यसैगरी, कार्यालय संचालन तर्फ कुल बजेटको ४४ करोड ८० लाख विनियोजन गरेको छु, जुन कुल बजेटको २४.३६ प्रतिशत हो ।

१०. खर्च तर्फ योजनागत/कार्यक्रमगत विस्तृत विवरण नगरसभाबाट पारित भै सके पछि सार्वजनिक गरिनेछ । व्ययको चालु प्रशासनीक खर्च तर्फ नेपाल सरकारले तोकेको राष्ट्र सेवक कर्मचारीहरुको तलब, सेवा, सुविधा र नगरपालिकाले दिएको सेवा सुबिधा समेत सोहि सरह नै कायम हुने गरी यस उप-महानगरपालिकाको कार्यरत सम्पूर्ण स्थायी, करार, ज्यालादारी कर्मचारीहरुको तलब,भत्ता र अन्य सुविधा प्रशासनीक खर्चको शिर्षकमा तलव, भत्ता र सुविधाको खर्च रकम उल्लेख गरेको छु । विकास खर्चलाई चालु खर्चमा परिवर्तन गर्न नपाउने, करारमा कार्यरत कर्मचारीलाई पुनरावोलकन गर्दै प्रशासनिक खर्चको भार घटाउने र खरिद प्रक्रियालाई पारदर्शी बनाउँदै समयमै खरिद कार्य सम्पन्न हुने र आफ्नै आन्तरिक स्रोतले चालु खर्च धान्ने गरी आत्मनिर्भर उन्मुख बजेट कार्यान्वयन गर्ने व्यवस्था मिलाएकी छु ।

**नगरसभाका अध्यक्ष महोदय,**
**नगरसभाका सदस्यज्यूहरु,**

११. उल्लिखित आय र व्ययको प्रस्तुतिकरणमा चालु आर्थिक वर्षको आय र व्ययको अनुमान भन्दा आगामी आर्थिक वर्ष (०७९/०८०) को आय र व्ययको अनुमान रकम **१ करोड ६ लाख ३१ हजार ८ सय ९७** ले थप भएको छ । साथै, नगरपालिकामा कार्यान्वयन हुने तर आय/व्यय ( बजेट ) पुस्तिकामा समावेश नभएको अनुमानित बजेट रकमको विवरण निम्न बमोजिम रहने व्यहोरा समेत यस सम्मानित नगरसभा समक्ष सादर जानकारी गराएको छु ।

क) सामाजिक सुरक्षा अनुमानित बजेट रकम रु. ५० करोड
ख) सडक वोर्ड नेपाल अनुमानित बजेट रकम रु. १ करोड
ग) अन्य कार्यक्रम अनुदान अनुमानित बजेट रकम रु. १ करोड

घ) नगरपालिका भित्र कार्यक्रम संचालन हुने विभिन्न संघसंस्थाले प्रस्तावित बजेट: १७ करोड ११ लाख ६२ हजार

**नगरसभाका अध्यक्ष महोदय,**
**नगरसभाका सदस्यज्यूहरु,**

१२. नेपालको संविधानले हामीलाई सुम्पिएका दायित्वहरु र प्रचलित कानून बमोजिम मैले सम्मानित कार्यपालिकाको सर्वसम्मत निर्णयबाट आगामी आ.व.२०७९/०८० का लागि योजना तथा बजेट तय गरी यस सम्मानित नगरसभा समक्ष प्रस्तुत गरेको छु । प्राथमिकता प्राप्त कार्यक्रम अनुसार बजेट तय गरेको छु । कार्यक्रम तयार गर्दा हाम्रा नीतिहरुलाई मूल आधारको रुपमा लिएको छु । साधन स्रोतको सिमितताले गर्दा उल्लिखित नीतिहरु र नगरवबासीले माग गरी पठाएका कार्यक्रमहरु पूर्ण रुपमा आगामी आ.व. २०७९/०८० को बजेटले सम्बोधन गर्न नसक्ने हुँदा त्यस्ता कार्यक्रमलाई पछी प्रकाशित हुने रातो किताबमा “**योजना बैंक**” का रुपमा प्रकाशित गरी क्रमश: लागु गर्दै जाने प्रतिवद्धता समेत सम्मानित नगरसभा समक्ष प्रेषित गरेको छु ।

**नगरसभाका अध्यक्ष महोदय,**
**नगरसभाका सदस्यज्यूहरु,**

१३. अव म सम्मानित नगरसभा समक्ष मैले माथि प्रस्तुत गरेको धनगढी उप महानगरपालिकाको गत वर्षको यथार्थ आय र व्यय, चालु आर्थिक वर्षको संसोधित आय र व्यय, आगामी आर्थिक वर्ष २०७८/०७९ को अनुमानित आय र व्ययको विवरण सम्मानित नगरसभामा घनिभूत छलफल भै पारित हुनका लागि प्रस्ताव गर्दछु । साथै, आगामी आर्थिक वर्ष २०७९/०८० को प्रस्तावित आर्थिक विधेयक २०७९ (आ.व.२०७९/०८०) का लागि प्रस्ताव गरिएको करका दररेटहरुको अनुमान सहितको जम्मा आय रु. **२६ करोड ८८ लाख ४६ हजार** र विनियोजन विधेयक २०७९ (आ.व. २०७९/०८०) का लागि प्रस्ताव गरिएको प्रशासनिक र विकास खर्चको बाँडफाँडको अनुमान **रु. १ अरब ८३ करोड ८९ लाख २४ हजार** उपर छलफल गरी पारित गरियोस् भनि प्रस्ताव गरेको छु । साथै, यस धनगढी उप-महानगरपालिकाको लागि कार्यान्वयन हुन पेश भएका उल्लिखित दुवै विधेयकहरु (आर्थिक विधेयक २०७९ र विनियोजन विधेयक २०७९) छलफल गरी पारित गर्न र आगामी आर्थिक वर्षका लागि ऐनको रुपमा कार्यान्वयन गर्न दुबै विधेयक यस सम्मानित नगरसभा समक्ष प्रस्ताव गरेको छु ।

**नगरसभाका अध्यक्ष महोदय,**
**नगरसभाका सदस्यज्यूहरु,**

१४. उल्लिखित नीति, कार्यक्रम तथा बजेट विवरणमा सामान्य भाषिक र अंक गणितिय त्रुटिहरु हुन सक्छन । यसको लागि सम्मानित नगरसभा समक्ष क्षमायाचना गर्दै यदि त्यसो हुन गएमा सच्याउनका लागि नगरकार्यपालिका मार्फत सम्मानित नगरसभा समक्ष सादर अनुमति मागेको छु । साथै, आगामी आ.व. ०७९/०८० योजना तथा बजेट स्वीकृतीको लागि पेश गरेको छु । नगरपालिकाको गत वर्ष ०७८/०७९ को यथार्थ आय र व्यय, आगामी आ.व. २०७९/०८० कार्यक्रमगत खर्च समर्थनको लागि समेत पेश गरेको छु ।

**सम्मानित नगर सभाका अध्यक्षज्यू,**
**नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने क्रममा सुझाव दिनु हुने नगरकार्यपालिकाका सदस्यज्यूहरू, बिभिन्न विषयगत समितिका संयोजक तथा सदस्यज्यूहरु लगायत विभिन्न क्षेत्रमा विज्ञता प्राप्त ब्यक्तित्व महानुभावहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

बजेटको सिद्धान्त र प्राथमिकतामा ब्यापक छलफल गरी प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सुझाव दिनुहुने नगर कार्यपालिकाको कार्यालयका सम्पूर्ण कर्मचारी मित्रहरु, विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरू, करदाता, उद्यमी, ब्यापारी/व्यवसायी, समाजसेवी, ज्येष्ठ नागरिक, नागरिक समाजका अगुवाहरु, पत्रकार मित्रहरु सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै, हामीले अघि सारेको बजेटका प्राथमिकता प्राप्त कार्यक्रमहरु कार्यान्वयनमा सहयोग पुर्याउन नेपाल सरकार, प्रदेश सरकार, राजनीतिक दल, सम्पूर्ण वुद्धिजीवी एवम प्रबुद्ध वर्गहरु, आम नगरबासी, मतदाता, निजी क्षेत्र, अन्तर्राष्ट्रिय दातृ समुदाय, उपमहानगर कर्मचारी, संचार जगत, नागरिक समाज लगायत स्रोत परिचालन, कानूनी सहायता, प्राविधिक तथा परामर्श क्षेत्रमा क्रियाशील संघसंस्थाहरुलाई साझेदारी र सहकार्यका लागि हार्दिक अनुरोध र अपिल समेत गर्दछु ।

धन्यवाद !

कन्दकला कुमारी राना

असार १० शुक्रवार, २०७९